# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# धनकुटा नगरपालिका, धनकुटा




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्या :२०७६/७७
च.नं. ३८४

मितिः २०७७/३/२०

श्री नगरप्रमुखज्यु,
धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
धनकुटा ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं. ३८४
श्री नगरप्रमुखज्यू,
धनकुटा नगरपालिका,
धनकुटा ।

मितिः २०७७।३।२०

**विषय : लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. धनकुटा नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन

२. लेखापरीक्षणबाट रु.१६ करोड ५८ लाख ६८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १९ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.४ करोड १२ लाख ७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ११ करोड ३८ लाख ६९ हजार र पेश्की रु.८८ लाख ६५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएका व्यहोराको अन्तीम प्रतिवेदन पाना ३६ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु बिष्ट)
नायब महालेखापरीक्षक

धनकुटा नगरपालिका

लेखापरीक्षण प्रतिवेदन, २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्ने तथा स्थानीय स्तरमा सेवा प्रदान गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने बिकास तथा सेवा सम्बन्धी कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्ने, ध्येयले स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको मुल लक्ष्य हो । कुल ११०.८ व.की.मी. क्षेत्रफल र ३६६१९ जनसंख्या रहेको यो नगरपालिकामा १० वडा र ५३ सभासदस्य रहेको छन ।

**स्थानीय सञ्चितकोष** : आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ : नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेन (**म.ले.प.फा.नं.२७२**) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त हुन सकेन । सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको नगरपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

| सि.नं. | आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | २३४६९०३५।८३ | १ | **चालु खर्च** | | ३६२३४६७८१।०५ |
| | क) नगद | | ०।०० | २ | **पूँजीगत खर्च** | | १७१२३७९८१।६० |
| | ख) बैंक | २३४६९०३५।८३ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | २९९९७१०।५७ |
| | संचित कोष | ५७०५८१४।७९ | | | क) ऋण भुक्तानी | १५००००।०० | ०।०० |
| | चालु खाता | ४१२३७६५।७० | | | ख) ब्याज भुक्तानी | १४९९७१०।५७ | ० |
| | कर्मचारी कल्याण कोष | २८८२७१९।३१ | | | ग) अन्य भुक्तानी | | ०।०० |
| | प्रकोप व्यवस्थापन कोष | १२६६३९६।०२ | | ४ | **धरौटी फिर्ता/जफत** | | ५४३६७२६।०५ |
| | वातावरण कोष | १५८६४८१।२२ | | ५ | **को.ले.नि.का. फिर्ता** | | ४७६०९६२।०० |
| | मर्मत सम्भार कोष | १२१२७२७।६१ | | | सशर्त अनुदान | | ३९६४७६२।०० |
| | जांचपास कोष | ३७०३६०।०२ | | | सामाजिक सुरक्षा | | ७९६२००।०० |
| | मानव संशाधन कोष | ३३४०।०० | | ६ | **कोष खर्च** | | ५५१७३८८।८१ |
| | धरौटी खाता | ६३१७४३१।१६ | | | **कर्मचारी कल्याण कोष** | ८९८४३।०० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ३५३०८१८९।९७ | | **प्रकोप व्यवस्थापन कोष** | १२०३५४०।३८ | |
| | क) आन्तरिक राजस्व | ३३०४०२५७।७७ | ०।०० | | **वातावरण कोष** | १५९७४४४।९३ | |
| | ख) राजस्व बाँडफाँड | २२६७९३२।२० | ०।०० | | **मर्मत सम्भार कोष** | २६२६५६०।५० | |
| | ग) अन्य आय | | ०।०० | ७ | **बांकी मौज्दात** | | ५१४५३१२७९५ |
| ३ | **वित्तीय हस्तान्तरण** | | ४४०९०२२५० | | क) नगद मौज्दात | | ५०८९६०।२८ |
| | क)वित्तीय समानीकरण अनुदान | १२०४००००।०० | ०।०० | | ख) बैंक मौज्दात | | ५०९४४१६७।६७ |
| | ख) सशर्त अनुदान | ३२०५०२२५०।०० | ०।०० | | संचित कोष | २००१४४६८।६१ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २९५०६९२६।२६ | | चालु खर्च खाता | ७५९२९०३।३२ | |
| | क)वित्तीय समानीकरण अनुदान | ३७६४०००।०० | ०।०० | | पुजीगत खर्च खाता | १३६३७१०३।५४ | |
| | ख) सशर्त अनुदान | २०४००००।०० | ०।०० | | कर्मचारी कल्याण कोष | ५७९२८७६।३१ | |
| | ग)राजश्व वांडफांड | ५३४२९२६।२६ | | | प्रकोप व्यवस्थापन कोष | ६७८५५।६४ | |
| ५ | **केन्द्रिय राजश्व बांडफांड** | | ५९९६६५९२।९९ | | वातावरण कोष | ३९०३६।२९ | |
| ६ | **अन्तर तहबाट प्राप्त** | | ६९९०७७७।०० | | मर्मत सम्भार कोष | ८६८५०।८३ | |
| | **क)सडक बोर्डबाट** | ५९९५५७७।०० | ०।०० | | जांचपास कोष | ३७०३६०।०२ | |
| | **ख) समृद्धि कार्यक्रमबाट** | ७४०२००।०० | | | मानव संशाधन कोष | ३३४०।०० | |
| | **ग)भाषा आयोगबाट** | २५५०००।०० | | | धरौटी खाता | ३३३९३७३।११ | |
| ७ | **विभिन्न कोषहरुतर्फको आय** | | ५०००।०० | ८ | कोष कट्टी खर्च मिलान | | २५७७९।५२ |
| ८ | **जनसहभागिता (नगद)** | | ५०६२४१७।५० | | | | |
| ९ | **धरौटी आय** | | २४५८६६८।०० | | | | |
| १० | **अन्य आय(गत बर्षको पे.फ.)** | | १०८६००।०० | | | | |
| | **जम्मा** | | **६०३७७८४५७।५५** | | **जम्मा** | | **६०३७७८४५७।५५** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | नगरपालिकाले मिति २०७६।६।१२ मा प्राप्त हुन आएको आय व्यय विवरण अध्ययन गर्दा एकीकृत आय व्यय विवरण भनिएता पनि एक पानमा प्राप्त उक्त विवरण आन्तरिक लेखापरीक्षणको प्रतिवेदनलाई नै हुवहु कपि गरी प्रमाणित गरिएको देखिन्छ । धरौटी खाता, आन्तरिक राजश्व र राजश्व बाँडफाँड, कर्मचारी कल्याणकोष, प्रकोप व्यवस्थापन कोष, वातावरण कोष, मर्मत सम्भार कोष, जाँचपास कोष, मानव संशाधन र सडक बोर्ड आदिको आय व्यय प्रमाणित र पुष्टी गर्ने आय व्यय विवरण र अनुसूचीहरु संलग्न गरको छैन । एकीकृत आय व्ययमा दर्साइएको आम्दानी खर्च र मौज्दातलाई पुष्टी गर्न सहायक सम्बन्धित विवरणहरु संलग्न नभएकोले प्राप्त एकीकृत आय व्यय विवरणले यथार्थ चित्रण गरको छैन । आय व्यय विवरणमा जम्मा आम्दानी रु. ६०३७७८४५७५५ देखाई रु.५००८७२२०१।६५ खर्च भई बाँकी मौज्दात रु.५१४५३१२७९५, नगद मौज्दात रु. ५०८९६०।२८ र बैंक मौज्दात रु.५०९४४१६७।६७ समेत रु.१०२९०६२५५।९० मौज्दाता देखाएको छ । देखाएको मौज्दात ठीक हो भनि एकिन हुन अनुसूचीहरु संलग्न भएको छैन । बाँकी मौज्दात भनि देखाएको रु. ५१४५३१२७९५ कुन शीर्षकको हो खुलाएकै छैन । | |
| २. | **अन्य देखिएका व्यहोराहरु निम्न छन्:** | |
| ३. | नगरपालिकालाई प्रदेश सरकारबाट समानीकरण अनुदान रु.२०५०००००।- सर्शत अनुदान रु.१३५०००००।- स्थानीय निकाय सर्शत पूँजिगत अनुदान रु.६६०००००।- समेत रु.४०६०००००।- प्राप्त भएको देखिन्छ तर आय व्यय विवरणको आय तर्फको ४ नं. प्रदेश सरकारबाट प्राप्त भएको भन्दा आय व्यय घटी देखाएका सम्बन्धमा हिसाव एकिन गरी विवरणमा पेश हुनुपर्ने रु.... | ११०९३०७४. |
| ४. | कोष तथा लेखा नियन्त्रक कार्यालयले धनकुटा नगरपालिकालाई चालु खर्च तर्फ उपशीर्षक ८०११५३४ मा २०७६ आषाढ महिना सम्म रु.३५१२६४४८८।- निकाशा दिइएको देखिन्छ तर नगरपालिकाले आय व्यय विवरण साथ पेश गरेको को.ले.नि.का.बाट हिसाव भिडान भएको भनि निम्नानुसारका ७ वटा आर्थिक विवरणहरु मात्र पेश गरेको छ । उक्त उपशीर्षकको निकाशा भिडान भएको प्रमाणित आर्थिक विवरण पेश नभएबाट वार्षिक बजेट, निकाशा र खर्च भिडान गरी एकिन गर्न नसकेकोले पेश हुनुपर्दछ । | |

| सि.नं. | उपशीर्षक | २०७६ आषाढ सम्मको खर्चको फाँटवारी अनुसारको निकाश रकम | को.ले.नि.का. बाट निकाशा भिडान भएको आर्थिक विवरण अनुसार | आर्थिक विवरण पेश नभएको |
|---|---|---|---|---|
| १. | ८०११५३४ | ३५१२६४४८८.०० | | ३५१२६४४८८.०० |
| २. | ३१२२०५३ | ३९४०००.०० | ३९४०००.०० | |
| ३. | ३४०१०५३ | ३००००००.०० | ३००००००.०० | |
| ४. | ३५५०११४ | ३०००००००.०० | ३०००००००.०० | |
| ५. | ३५५०१५३ | ४४०८४०००.०० | ४४०८४०००.०० | |
| ६. | ३६५१५८३ | ३०५०००.०० | ३०५०००.०० | |
| ७. | ३६५१६०३ | ४००००००.०० | ४००००००.०० | |
| ८. | ३७११०८३ | ३८९००००.०० | ३८९००००.०० | |
| | | **४३६९३७४८८.००** | **८५६७३०००.००** | **३५१२६४४८८.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | को.ले.नि.का. धनकुटाले धनकुटा नगरपालिकालाई विभिन्न ८ उपशीर्षकमा २०७६ आषाढ मसान्त सम्मको खर्चको फाँटवारी अनुसार जम्मा रु.४३६९३७४८८।- निकाशा दिइएको देखिन्छ तर नगरपालिकाले उपलब्ध गराएको एकीकृत आय व्ययको आय तर्फको ३ नं. मा वित्तिय हस्तान्तरण भनि रु.४४०९०२२५०।- (वित्तिय समानीकरण अनुदान रु. १२०४०००००।- र सर्शत अनुदानमा रु.३२०५०२२५०।-) उल्लेख गरेको छ । उक्त आयमा अन्य कुन रकम समावेश भएको हो लेखा टिप्पणीमा खुलाई पेश गरेको छैन । अतः को.ले.नि.का. बाट भएको निकाशा भन्दा बढी आय देखाएको सम्बन्धमा को.ले.नि.का. फिर्ता गरिएको भनेकोमा दाखिला भौचर पेश हुनुपर्ने रु..... | ३९६४७६२. |
| ६. | **लेखा ढाँचाको प्रयोग नभएको**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष नगरपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ | |
| ७. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले प्रदेश संचितकोष व्यवस्थापन प्रणाली Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले निःशुल्क उपलव्ध गराएको सफ्टवेयर प्रयोग नगरी साग्रीला सफ्टवेयर प्रयोग गरेको छ । हाल नगरपालिकाले प्रयोग गरिरहेको साग्रीला सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, अभिलेख भई सकेका भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने प्रतिवेदनहरु सच्याउने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वसनियता परीक्षण गरी सम्वन्धित निकायवाट स्वीकृती लिएको छैन । नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । गत विगत आ.व. को प्रतिवेदनहरुमा समेत व्यहोरा उल्लेख गरेकोमा यस बर्ष पनि SUTRA लागु गरेको छैन । महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भए बमोजिमको ढाँचामा ऐनले निर्दिष्ट गरे बमोजिम लेखा राख्नु पर्दछ । | |
| ८. | **निर्णय पेश नभएको :** लेखापरीक्षणको लागि पटक पटक माग गर्दा पनि नगर सभाबाट आ.ब २०७५।७६ का लागि पारित भएको बजेट बक्तव्य, नीति तथा कार्यक्रम र नगर कार्यपालिकाबाट भएको निर्णयको प्रमाणित प्रतिलिपिहरु लेखापरीक्षणको क्रममा पेश हुन आएन । समयमा नै निर्णयहरु प्राप्त विनियोजन बजेट, सम्शोधन, रकमान्तर, खर्चमा भएको थप घट र यसमा भएका निर्णयहरुको प्रमाणिकरण जाँच गर्न सकिएन । लेखापरीक्षणमा माग भएका आवश्यक कागजात उपलब्ध गराउनु पर्दछ । | |
| ९. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण सन्तुलीत वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन, क्षेत्रगत बजेट सीमा निर्धारण गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले संयोजक सहित ६ सदस्य समिति गठन गरेको छ । समितिले ५० करोड ८४ लाख ४३ हजारमा नबवढ्ने गरी कुल बजेटको सीमा निर्धारण गर्ने निर्णय गरेकोमा निर्धारित सीमा भन्दा वढीको बजेट पेश भएको र बिनियोजित बजेट भन्दा बढी खर्च भएको देखिन्छ । यस्ता घटी बढी खर्चको यथार्थता परीक्षण गर्न नगर कार्यपालिका र नगर सभाको निर्णय उपलब्ध भएन । | |
| १०. | **अनुमानित आय व्यय** : धनकुटा नगरपालिकाको मिति २०७५।३।६ को नगर कार्यपालिकाको वैठकले आ.व. २०७५।७६ को लागि नेपाल सरकारबाट हस्तान्तरित कार्यक्रम र नगर स्तरिय कार्यक्रम समेत सञ्चालनका लागि रु. ५२ करोड ८९ लाख ४३ हजारको अनुमानित आय व्यय पेश गरेको छ । कुल अनुमानित आय मध्ये रु. ३६ करोड १७ लाख अर्थात ६८.३८ प्रतिशत चालु खर्च तर्फ र रु.१६ करोड ७२ लाख ४३ हजार अर्थात ३१.६२ प्रतिशत पूँजिगत तर्फ विनियोजन गरेको छ । सडक र ढल निर्माण गर्न ठुला नगरस्तरीय २२ र वडास्तरीय ११६ गरी जम्मा १३८ वटा पूर्वाधार योजनाहरुमा रु. १० करोड १० लाख ६३ हजार अर्थात कुल पुँजिगत बजेटको ६०.४३ प्रतिशत आर्थिक विकास तर्फ ३७ वटा योजनाका लागि १ करोड ४० लाख ५० हजार अर्थात ११.८३ प्रतिशत, सामाजिक विकास तर्फ ८७ वटा योजनाहरुका लागि २ करोड १७ लाख ८० हजार अर्थात १३.२ प्रतिशत संस्थागत विकास तर्फ ३३ वटा योजनाका लागि रु २ करोड ३३ लाख अर्थात १३.९३ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापन तर्फ ६ योजनका लागि रु १४ लाख ५० हजार अर्थाट ०.८७ प्रतिशत विनियोजन गरी कार्यक्रमगत बजेट बाँडफाँड गरिएको छ । चालु खर्चमा कटौती गरी पूँजिगत शिर्षकमा बजेट विनियोजन र खर्चगर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| ११. | **पुँजीगत खर्च विनियोजन :** सडक र ढल निर्माण गर्न ठुला नगरस्तरीय २२ योजनाहरुमा २ लाख देखि ४० लाख सम्म बजेट विनियोजन भएको छ । सडक र ढल निर्माण भनि विनियोजित बजेट अन्तर्गत भवन निर्माण विद्युत जडान, सडक वत्ति, विगतको दायित्व भूत्तानीका लागि समेत बजेट विनियोजन भएको छ । २२ योजनाहरुमा विनियोजित बजेट मध्ये यस किसिमको काममा विनियोजित बजेट ५१.३८ प्रतिशत रहेकोले सडक र ढल निर्माण योजनाको लागि २ करोड ९७ लाख मात्र विनियोजन भएको देखिन्छ । ठुला भनिएका योजनाहरुमानै न्यून बजेट | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विनियोजन गरिनु विगतको दायित्व, समपुरक कोष, तोकिएको भन्दा अन्य योजनामा बजेट विनियोजन गरी पूँजिगत खर्च अधिक देखाउने तर न्यून विनियोजन गर्ने परिपाटिको अन्त्य गरिनु पर्दछ । | |
| १२. | **चालु प्रकृतिको खर्चमा अधिक विनियोजन :** स्थानीय तहले योजना बनाउँदा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) अनुसारको विषयलाई प्राथमिकता दिनुपर्नेमा नगरपालिकाले आर्थिक वर्ष २०७५।७६ को कुल बजेटमा विगत आ.व.को भन्दा चालु खर्च तर्फ ३८.५८ प्रतिशतले वृद्धि गरेको तथा पूँजिगत खर्च ३०.३२ प्रतिशतले घटाएको देखिन्छ । निरन्तर चालु खर्चमा बजेट वृद्धि गर्दै जाने र पूँजिगत बजेटमा कटौती गर्ने अवस्थामा सुधार गरिनु पर्दछ । | |
| १३. | **अत्याधिक प्रशासनिक खर्च :** सार्वजनिक कोषको रकम खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्वन्धि निर्देशिका,२०७५ अनुसार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाई प्राप्त समानिकरण निशर्त अनुदान तथा आन्तरिक बजेटबाट प्रशासनिक खर्च तथा विकास निर्माण तथा विभिन्न कार्यक्रममा खर्च गरेको छ । यस वर्ष कुल बजेट रु. ५२ करोड ८९ लाख ४३ हजार मध्ये रु. ३६ करोड १७ लाख चालु खर्च तर्फ विनियोजन गरेको छ । जुन रकम कुल बजेटको ६८.३८ प्रतिशत रहेको छ । चालु तर्फको प्रशासनिक खर्च अन्तर्गत कार्यालय सञ्चालनमा रु. ३८९४६४४।१३ सवारी साधन र मेशिनरी औजार मर्मतमा रु. ३७६३२०५।२७ सञ्चारमा रु. १०७६२३४। अनुगमन मुल्यांकन र भ्रमण खर्चमा रु. २७३५०९५।, भैपरी आउने चालु खर्च तर्फ रु १९१७९५३। खर्च गरेको छ । प्रशासनिक खर्चको लागि विनियोजन गर्दा कार्यालयमा हुने काम र सोको आधारमा खरिद गर्नुपर्ने सामाग्रीको सम्वन्धमा कुनै आधार लिएको देखिदैन । विनियोजित बजेटको खर्च शिर्षक अनुसार बजेट विनियोजन गरेको भएपनि पूँजिगत शिर्षकको खर्च समेत चालुबाट गरेकोले खर्चको व्यवस्थित अभिलेखांकन नभएको तथा प्रशासनिक खर्चमा विनियोजित बजेट उत्पादनमुखी रहेको र मितव्ययी तबरले खर्च भएको एकिन गर्न सकिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुसार पूँजी निर्माण हुने, उत्पादनमुखी र रोजगारमुलक खर्च शिर्षकहरुमा रकम विनीयोजन गर्ने र मितिव्ययी तरीकाले खर्च गर्नुपर्दछ । | |
| १४. | **फ्रीज गर्न बांकी रकम :** नगरपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट सर्शत अनुदान तर्फ चालु वर्षमा प्राप्त बजेट कार्यक्रम खर्च शीर्षकबाट खर्च लेखेको छ । जसका कारणले नगरपालिकाले तयार गरेको आर्थिक विवरणले यथार्थ शिर्षकगत खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्याकन गर्न सकिने स्थिति देखिएन । प्राप्त भएको बजेट कुन कुन कार्यक्रममा खर्च भएको तथा कुन कुन कार्यक्रममा खर्च नभई बाँकी रहेको हो सो एकिन गर्न सकिएन । कुल निकाशा मध्ये निम्नानुसारका शीर्षकहरुको रकम खर्च नभएकोले संघीय सरकारलाई फिर्ता गर्नुपर्ने देखिन्छ । संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरुका लागि प्राप्त बजेट अनुसारको खर्च नभइ बाँकी रहेको थप रकम समेत रहेनरहेको एकिन गरी थप समेत फिर्ता गर्नुपर्ने रु...... | ३४२६२३१४ |

| क्र.स. | कार्यक्रमको नाम | स्वीकृत बजेट | खर्च भएको रकम | फ्रीज गर्न बांकी रकम |
|---|---|---|---|---|
| १. | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | ११९८०००.०० | ९४८०००.०० | २५००००.०० |
| २. | पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ६६०००.०० | ०.०० | ६६०००.०० |
| ३. | पशु बिकास कार्यक्रम | ४५००००.०० | २०८०००.०० | २४२०००.०० |
| ४. | वातावरण बिभाग | १५०००००.०० | १३५९०००.०० | १४१०००.०० |
| ५. | बिद्यालय क्षेत्र बिकास कार्यक्रम जिल्ला स्तर | ३५०३८०००.०० | ३४४६९०००.०० | ५६९०००.०० |
| ६. | बिद्यालय क्षेत्र बिकास कार्यक्रम जिल्ला स्तर | ६७६२०००.०० | ६७३३०००.०० | २९०००.०० |
| ७. | बिद्यालय क्षेत्र बिकास कार्यक्रम जिल्ला स्तर | ६९२९०००.०० | ६९०६०००.०० | २३०००.०० |
| ८. | बिद्यालय क्षेत्र बिकास कार्यक्रम केन्द्र स्तर | ५०६६०००.०० | १०३१०००.०० | ४०३५०००.०० |
| ९. | प्राथमिक स्वास्थ्य सेवा (जनश्वास्थ्य कार्यालय, स्वास्थ्य केन्द्र, चौकी र उपचौकीहरु) | ८३४००००.०० | ६८०६०००.०० | १५३४०००.०० |
| १०. | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ११४७३०००.०० | १०६९६०००.०० | ७७७०००.०० |
| ११. | क्षयरोग नियन्त्रण | १७००००.०० | १९०००.०० | १५१०००.०० |
| १२. | गरिवसँग विशेश्वर कार्यक्रम | २०००००.०० | १९६०००.०० | ४०००.०० |
| १३. | आमा सुरक्षा कार्यक्रम | २००००००.०० | १८२९१७५.०० | १७०८२५.०० |
| १४. | प्राविधिकधार सञ्चालन गर्न विद्यालय अनुदान | १९६००००.०० | १५६२०००.०० | ३९८०००.०० |
| १५. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रलाय (निजामती स्कुल) | ३०००००००.०० | ४१२७५११.०० | २५८७२४८९.०० |
| | **जम्मा** | **१११९५२०००.००** | **७६८८९६८६.००** | **३४२६२३१४.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५. | **वित्तिय व्यवस्था:** नगरपालिकाले आन्तरिक ऋण तर्फ नगर विकास कोषबाट लिएको ऋण र व्याज भूक्तानी गर्न रु. ३० लाख विनियोजन गरेको छ । विनियोजित रकमको ५० प्रतिशत चालु र ५० प्रतिशत पूँजिगत शीर्षकमा विनियोजन गरी खर्च गरको छ । ऋण र व्याज भूक्तानी जस्तो कार्यलाई चालु र पूँजिगत खर्चको रुपमा नदेखाई छुट्टै वित्तिय व्यवस्थाको शिर्षकमा देखाउने गर्नु पर्दछ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६. | **रकमान्तर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यापालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पुंजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने तथा नगरपालिकाको आर्थिक वर्ष ०७५।७६ को विनियोजन ऐनको दफा ३(३) मा एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा वढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था भन्दा फरक निम्नानुसारका शिर्षकहरुमा रकमान्तर गरी खर्च लेखेको अनियमित देखिएको रु..... | ९२०००००. |

| क्र.स. | कार्यक्रम | सुरु बजेट | थप बजेट |
|---|---|---|---|
| | **पूँजिगत तर्फः** | | |
| १. | अन्य निर्माण सेवा | ३१०००००.०० | २००००००.०० |
| २. | संघ संस्था साझेदारी | २००००००.०० | ७०००००.०० |
| ३. | फर्निचर तथा फिक्चर खरिद | ० | ५०००००.०० |
| ४. | मेशिनरी औजार | ० | ५०००००.०० |
| | **जम्मा** | **५१०००००.००** | **३७०००००.००** |
| | **चालु तर्फः** | | |
| ५. | पदाधिकारी अन्य सुविधा | ७०००००.०० | ५५०००००.०० |
| | **कूल जम्मा** | **५८०००००.००** | **९२०००००.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७. | **बजेट थप :** शुरु बजेट विनियोजन नभएको निम्नानुसारको कार्यक्रममा बजेट थप गरि खर्च गरेकोमा नगरसभाबाट अनुमोदन भएको निर्णय पेश भएन । | |

| क्र.स. | कार्यक्रम | सुरु बजेट | थप बजेट |
|---|---|---|---|
| १. | विश्वकर्माटोल वडा नं. १ | नभएको | १०००००.०० |
| २. | रत्न षडेश्वर विद्यालय मन्दिर | २००००००.०० | २०००००.०० |
| ३. | राना सिँजालि खानेपानी | नभएको | १०००००.०० |
| ४. | आले गाउँ रिजरभ्वार ट्याङ्की | नभएको | २०००००.०० |
| ५. | जलकन्या शिवालय मन्दिर वडा नै. २ | नभएको | २०००००.०० |
| ६. | देब्रेवास गुम्वा निर्माणवडा नं. ४ | नभएको | १००००००.०० |
| ७. | चोक्रोक सडक विस्तर वडा नं. २ | नभएको | ३०००००.०० |
| ८. | कुवापनि सडक विस्तार वडा नं. १ | नभएको | ३०००००.०० |
| ९. | भिम राई टोल वडा नं. ७ बाटो निर्माण | नभएको | ८०००००.०० |
| १०. | उद्योग वाणिज्य | नभएको | १०००००.०० |
| ११. | बोक्रे बरवोटे नं. १ | नभएको | १००००००.०० |
| १२. | सवारी साधन मर्मत | नभएको | ५०००००.०० |
| | | **जम्मा** | **४८०००००.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को स्वीकृत चालु खर्च विवरणमा समावेश नभएका निम्नानुसारका शिर्षकहरुबाट बजेट खर्च गरेको छ । | |

| खर्च शिर्षक नम्वर | शिर्षक | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ० | ६३३६१२.०० |
| २५३११ | शैक्षिक संस्थालाई सहायता | ० | ४१५०००.०० |
| २६४२३ | अन्य संस्थालाई शशर्त पूँजिगत अनुदान | ० | ३३५००००.०० |
| २६६१२ | गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण | ० | ५९५१००.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १९. | **मासिक खर्च अभिलेख :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१०) बमोजिम कार्यालय प्रमुख वा निजबाट अधिकार प्राप्त अधिकारिले प्रचलित कानुनबमोजिम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्वन्धित मन्त्रालय वा तालुक विभागमा लेखाका मासिक फाँटवारी पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले चालु तर्फ रु. ३६०३८३४०७८७ खर्च गरेकोमा मासिक रुपमा तयार गर्नुपर्ने पेश्की वाँकीको विवरण , खर्चको फाँटवारीहरु तयार गरेको तथा तालुक निकायमा पेश गरेको देखिएन । मासिक रुपमा फाँटवारी तयार गरी प्रमाणित गरी नराखेको तथा आवश्यकतानुसार परिवर्तन गर्न मिल्ने विद्युतिय लेखा प्रणालीका कारणले यस वर्ष वैंक चातु तर्फको नगदी किताब, खर्चको फाँटवारी र पेश्की वाँकीको विवरण भिडान गर्दा निम्नानुसारको फरक देखिएको छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| महिना | वैंक नगदी किताब अनुसारको | | खर्चको फाँटवारी अनुसारको | म.ले.प.फा नं १४ अनुसार |
|---|---|---|---|---|
| | खर्च | पेश्की वाँकी | खर्च | पेश्की वाँकी |
| भाद्र | १०२८०६६९.२१ | ७२००००.०० | ९९९०७७०.०० | ७२००००.०० |
| आश्विन | ८१४१८२६३.६७ | १८४२६५००.०० | ७८०३८७४५.९२ | १८२२६५००.०० |
| कात्तिक | १६३८३८६२.९७ | १७३६८५००.०० | १६३८३८६२.९७ | १७१६८५००.०० |
| मंसिर | ७६१६९४३.०४ | १८२४८१००.०० | ७६१६९४३.०४ | १८०४८१००.०० |
| पुष | ८४१३०४०.९६ | ५४४१०००.०० | ८४१३०४०.९६ | ५२४१०००.०० |
| माघ | ६६३५७३९२.६० | ११०८०४५०.०० | ६६२३२३९२.६० | १०५५०४५०.०० |
| फाल्गुन | ३४६८४४७०.२५ | २५७७९१००.०० | ३४४५९९७०.२५ | २५२४९१००.०० |
| चैत | १३८८२२८७.५५ | १७१०५०५०.०० | १३८८२२८७.५५ | १६५७५०५०.०० |
| बैशाख | ५८९८०८६३.२३ | १७८१९८००.०० | ५८९८०८६३.२३ | १२०३९८००.०० |
| जेठ | १६६७३८१९.९४ | २०१४१२००.०० | १६६७३८१९.९४ | १४३६१२००.०० |
| असार | ५०१४८१६१.२० | २०८४७५०.०० | ५०१४८१६१.२० | २०८४७५०.०० |
| **जम्मा** | **३६४८३९७७४.६२** | | **३६०८२०८५७.६६** | |

बैंक नगदी किताब र भौचरको परिक्षणको क्रममा एकै भौचर नम्वर २४७६।२३ का २ वटा भौचर रहेको र खर्च रकम रु ११६००।०० र २२६१२।००  रहेकोमा भौचर र चेक रद्ध गरेको नदेखिएको तथा वैंक नगदी किताबमा रु ११६००।०० मात्र खर्च देखिएको छ । यसै गरी वैंक नगदी किताबमा भौचर नम्वर ५१५ बाट पौष महिनामा  रु १०२५००।०० को पेश्की फछ्र्यौट गरेको र वैशाख महिनामा सोही भौचर नम्बर बाट १०७४५०।०० खर्च भएको साथै भौचर नम्वर ६६२ बैंक नगदी किताबमा अभिलेखांकन भएको देखिएन । भौचरहरु वैंक नगदी किताबमा क्रमैसंग अभिलेख नभएको, खर्चको फाँटवारी र वैंक नगदी किताबको मासिक खर्च रु ४०१८९१६।९६ फरक भई विवरण भिडान नभएको, मासिक पेश्की समेत फरक देखिनुले नगरपालिकाले अभिलेख गरेको हिसाब विवरणले वित्तिय शुद्धता  र यथार्थता दर्साएको छैन । यसमा एकिन गरिनु पर्दछ ।

**२०.** **वैंक हिसाब विवरण :** नगरपालिकाले कार्यालयको हिसाब विवरण र बैंक हिसाब विवरण मिलान गर्नु पर्दछ । कार्यालयको खाता हिसाब र वैंक हिसाब एक आपसमा मिलान नगरेकोले गत वर्षको अन्तमा पूँजीगत खातामा भन्दा वैंक खातामा वढी देखिएको रु.१६६९०४९४।२९, चालु खाताको रु.८८१८८२७६२ र संञ्चित कोषको रु. ६३३३०७४० समेत रु २६१४२६२९।२९ को घटी जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको स्रेस्ता र वैंकको हिसाब मिलान गरी यथार्थ रकम आर्थिक विवरण प्रविष्टि गर्नुपर्नेमा सो नगरेकोले आय व्यय विवरण यथार्थपरक रहेको देखिएन । अतः घटी जिम्मेवारी सारेको हिसाव एकिन हुनुपर्ने रु...

२६१४२६२९.२९

| खाता | स्रेस्तानुसार | वैंक अनुसार | फरक |
|---|---|---|---|
| संञ्चित कोष | ५७०५८१४.७९ | ६३३९१२२.१९ | ६३३३०७.४० |
| चालु खाता | ४१२३७६५.७० | १२९४२५९३.३२ | ८८१४४२७.६२ |
| पूँजीगत खाता | ०.०० | १६६९०४९४.२९ | १६६९०४९४.२९ |
| **जम्मा** | | | **२६१३८२२९.३१** |

**२०.१.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी वाँकी रहेको रहम आर्थिक वर्षको अन्त्यमा नगरपालिकाको सञ्चितकोषमा स्वतः जम्मा (ट्रान्सफर) हुने व्यवस्था छ । आ.व. को अन्तमा पुँजीगत खर्च खाता तथा चालु खर्च खातामा वाँकि रहेको मौज्दात रकम सुन्य गरी संचित कोष खातामा फिर्ता गर्नु पर्नेमा यस वर्ष चालु खर्च खातामा खर्च भई वाँकि रकम रु.७५९२९०३/३२ तथा  पुँजीगत खर्च खातामा खर्च भई वाँकि रकम रु. १३६३७१०३/५४सम्बन्धित खाताहरुमानै मौज्दात देखिन्छ । समयमानै रकम फिर्ता गर्नुपर्ने देखिएको रु ....

२१२३०००६

**२०.२.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी वाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा नगरपालिकाको सञ्चितकोषमा स्वतः जम्मा (ट्रान्सफर) हुने व्यवस्था छ । विगत वर्षको चालु खातामा रहेको रु. ४१२३७६५.७९ रकम सञ्चित कोषमा जम्मा गर्नुपर्नेमा यस वर्ष अ.ल्या. गरी खर्च गरेको छ । नियमानुसार सञ्चित कोष दाखिला गरेरमात्र खर्च गर्नु पर्दछ ।

**२१.** **बैंक हिसाब मिलानः** कार्यालयलेको वैंक नगदी किताब आन्तरिक लेखापरीक्षण प्रतिवेदन र वैंक हिसाब विवरणहरुको तुलना गर्दा निम्नानुसारको व्यहोरा देखिएको छ ।

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th rowspan="2">खर्च शिर्षक</th><th colspan="2">वैंक नगदी किताब अनुसार</th><th rowspan="2">आ.ले.प अनुसार खर्च</th><th colspan="2">वाँकी</th><th colspan="2">फरक</th></tr>
<tr><th>खर्च</th><th>वाँकि</th><th>वैंक</th><th>आ.ले.प अनुसार</th><th>खर्च</th><th>वाँकी (घटी)</th></tr>
<tr><td>चालु</td><td>३६०३८३४०७.८७</td><td>१८५६९७१४.०७</td><td>३६२३४६७८१.०५</td><td>१७५७३२६१.६७</td><td>७५९२९०३.३२</td><td>१९६३३७३.१८</td><td>९९६४५२.४</td></tr>
<tr><td>पूँजिगत</td><td>१४१८९९२१९.७९</td><td>४६६१६६३७.७९</td><td>१७१२३७९८१.६०</td><td>३८४९७५८१.९७</td><td>१३६३७१०३.५४</td><td>२९३३८७६१.८१</td><td>८११९०५५.०३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.१.</td><td>वैंक नगदी किताब अनुसार यस वर्ष चालु खर्च खातामा ट्रान्सफर रकम मध्ये रु ३६०३८३४०७।८७ भई रु १८५६९७१४।०७ वाँकी रहेको देखिन्छ । सोही खाताको २०७६ असार मसान्तको वैंक स्टेटमेन्टमा रु १७५७३२६१।६७ वाँकी रहेको देखिन्छ ।  वैंक नगदी किताबमा अनुसार वैंकमा हुनुपर्ने  भन्दा वैंक खातामा रु. ९९६४५२।४० घटी देखिएको ले वैंक हिसाब विवरण एकिन तयार गरि पेश हुनु पर्ने रु ..........</td><td>९९६४५२।४</td></tr>
<tr><td>२१.२.</td><td>यसै गरी वैंक नगदी किताब अनुसार पुँजिगत खर्च खातामा कुल प्राप्त मध्ये रु १४१८९९२१९।७९ खर्च भई रु ४६६१६६३७।७९ वाँकी रहेको देखिन्छ । सोही खाताको २०७६ असार मसान्तको वैंक स्टेटमेन्टमा रु ३८४९७५८१।९७ वाँकी रहेको देखिन्छ । वैंक नगदी किताब अनुसार वैंकमा हुनुपर्ने रकम भन्दा वैंक खातामा रु ८११९०५५।०३ घटी देखिएकोलेले वैंक हिसाब विवरण एकिन गरि पेश हुनु पर्ने रु...</td><td>८११९०५५।०३</td></tr>
<tr><td>२१.३.</td><td>आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा वैंक नगदी किताबमा चालु तर्फ रु ३६२३४६७८१।०५ र पूँजिगत तर्फ रु १७१२३७९८१।६० देखाएको छ । जुन रकम वैंक नगदी किताबको चालु खर्च भन्दा रु १९६३३७३.१८ र पूँजिगत खर्च तर्फ  रु २९३३८७६१.८१ वढी हो ।  साथै वैंक नगदी किताबमा चालु तर्फ रु ७५९२९०३।३२ र पूँजिगत तर्फ रु १३६३७१०३.५४ रकम वाँकी भएको उल्लेख छ । जसका आधारमा चालु खाताको वैंक रकम वैंक नगदी किताब अनुसारको वैंक वाँकी रकम भन्दा रु ९९८०३५८।३५ र पूँजिगत खर्च खाता तर्फ वैंक नगदी किताबको वैंक वाँकी रकम भन्दा रु २४८६०४७८.४३ वढि  रहेको देखिन्छ । यसरी कुल खर्चमा रु ३१३०२१३४।९९ वढी देखाई वैंक नगदी किताब अनुसार वैंक वाँकी रु ३४८४०८३६।७८ देखाएको छ । यसरी खर्च वढी देखाएकोले वैंक नगदी किताबको वैंक वाँकी भन्दा वैंक स्टेटमेण्ट अनुसारको रकम रु २१२३०००६।८६ वढी देखाएको छ । वैंक हिसाब विवरण तयार नगरेको अवस्थामा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले स्रेस्तामा भन्दा वैंकमा वढी देखिनुको कारण र आधार खुलाएको छैन । स्रेस्तामा वैंक घटी देखिएको अवस्थामा आन्तरीक लेखापरीक्षणले बैंक वढी देखाएकोले आन्तरिक लेखापरीक्षण विश्वसनिय रहेको देखिएन ।</td><td></td></tr>
<tr><td>२२.</td><td>सेवा प्रवाह : नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन  ऐन,२०७४ को दफा ११ अनुसारका सेवाहरु नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिश,  नाता प्रमाणित,घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई,विद्युत मिटर सिफारिश, निशुल्क शिफारिश लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरेको छैन  । प्रवाहित सेवाहरुको अभिलेखिकरण नगरेकोले कार्यालयले प्रवाह गरेको सेवा समयानुकुल प्रभावकारी र जनउत्तरदायी रहे नरहेको एकिन गर्न सकिएन । प्रवाहीत सेवाबाट शुल्क संकलन गरेको देखाएतापनि सेवा प्रवाह गरेको विवरण पेश भएन । नगरपालिकाबाट प्रवाहित सेवाहरुको व्यवस्थित अभिलेखिकरण गरी प्रभावकारी ढंगले सेवा प्रवाह गर्दै जनतालाई परिवर्तनको अनुभिती दिलाउने तर्फ कार्यालयले ध्यान दिनु जरुरी छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न विषयमा प्रयाप्त ध्यान दिएको देखिएन । उक्त बिषयमा नगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन, कार्य सञ्चालन तथा कार्य प्रवाह तालिका स्वीकृत गरेको देखिएन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• नगरपालिकाको गुरुयोजना निर्माण तथा अद्यावधिक नभएको,<br>• आयोजनाको नियमित अनुगमन गरेको, अनुगमन प्रतिवेदन तयार गरेको तथा सोको कार्यान्वयन गरेको छैन,<br>• योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>• योजनागत कन्टिन्जेन्सी खर्चको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको,<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको,<br>• राजश्वको लगत तयार नगरेको,<br>• वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको,<br>• प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको,<br>• वितरणमूखी कार्यक्रमलाई वढवा दिएको,<br>• पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको,<br>• स-साना योजनालाई प्राथमिकतामा राखेको,<br>• उपभोक्ताको योगदान न्यून रुपले जुटाएको,<br>• धरौटीको आयूगत वर्गीकरण नगरेको,<br>• कर तथा शुल्क निर्धारणको ठोस आधार निर्माण नगरेको,<br>• संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको,<br>• प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी दोश्रो र तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको,<br>• चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको,<br>• कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको,<br>• राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको,<br>• अवकास कोष सम्वन्धी कानूनी व्यवस्था पालना नगरेको,<br>• आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,<br>• एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको ।<br>नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २४. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभाबाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिका प्रमुखले प्रशासकिय अधिकृतलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिएको देखिएन । | |
| २५. | **खरिद योजना :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले १ वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा र नियम ८ वमोजिम बार्षिक १० लाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद गुरु योजना र खरिद योजना बनाउनु पर्ने व्यबस्था छ । नगरपालिकाले विभिन्न ११ वटा ठेक्काबाट ६ करोड ९७ लाख ५४ हजारको निर्माण तथा सामान खरिद र २ करोड ३७ लाख ५० हजारको निर्माण कार्य विभिन्न उपभोक्ता समितिमार्फत गरेको छ । नियमावलीको व्यवस्था अनुसार खरिद गुरु योजना र सो को आधारमा खरिद योजना बनाउने गरेको देखिएन । खरिद योजना नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक बर्षको अन्तमा बढि गर्ने गरेको देखियो । खरिद नियमाबली अनुसार खरिद योजना बनाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | |
| २६. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजिगत खर्च तर्फ प्रथम चौमासिकमा २ करोड ४२ लाख ९९ हजार (१७.१३ प्रतिशत), दोश्रो चौमासिकमा ४ करोड ६७ लाख ९३ हजार (३२.९८ प्रतिशत) र तेश्रो चौमासिकमा ७ करोड ८ लाख ६ हजार (५९.८९ प्रतिशत) र असारमा ३ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | करोड ९० लाख ९८ हजार (२२.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सन्चालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । | |
| २७. | **लक्ष्य/प्रगति स्थिति** – आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । यसरी तयार गर्नु पर्ने विवरणहरु तयार नगरेबाट नगरपालिकाले सम्पादन गरेका भौतिक निर्माणका कार्यहरु स्वीकृत बार्षिक लक्ष्यअनुसार पुरा भए नभएको सम्बन्धमा बिष्लेषण गर्न सकिएन । | |
| २८. | **असार महिनामा अत्याधिक खर्च :** चालु प्रकृतिका खर्च सेवा प्रवाहको क्रममा हुनेहुँदा आर्थिक वर्षको अन्तिम महिनामा निम्नानुसार खर्च शीर्षकहरुमा अस्वभाविक देखिन्छ । यसरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ । | |

| सि.न | खर्च शिर्षक | कुल विनियोजन रकम | कुल खर्च | असारको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १. | २११३४ | ३६००००.०० | २६९१००.०० | २६९१००.०० | १००% |
| २. | २११३५ | ५००००.०० | ४००००.०० | २००००.०० | ५०% |
| ३. | २२५१२ | १३१७०००.०० | ९८१५२४.०० | ४८३७६४.०० | ४९.२८% |
| ४. | २२६१९ | २५००००.०० | १९६९५७.०० | १९६९५७.०० | १००% |
| ५. | २२७२१ | १५०००००.०० | ११८७८५६.०० | १०२४१२१.०० | ८६.२२% |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा गाउँपालिका वा नगरपालिकालाई विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाकाले हालसम्म पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरेको स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिने कर्मचारीको दरबन्दीको विवरण तयार गरेको छैन । | |
| २९.१. | **पदपूर्तिः** नगरपालिकाबाट स्वीकृत दरबन्दी विवरण अनुसार विभिन्न २९ प्रकारका ७७ वटा पद स्वीकृती भएकोमा संघीय सरकारबाट १७ साविक स्थानीय निकायबाट १४, जिल्ला समन्वय समितिबाट ४ र अन्य सेवाबाट २ गरी जम्मा ३७ जना समायोजन भई आएका पद पुर्ति भई २१ पदमा दरबन्दी रिक्त रहेको देखियो । कार्यालयमा कायम दरबन्दीमध्ये धैरै पद रिक्त रहेकोले कार्य चाप बृद्धि, काममा ढिलासुस्ति तथा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| २९.२. | **करारमा अधिक कर्मचारी** : नगरपालिकाले हालसम्म पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन । स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिने कर्मचारीको दरबन्दीको विवरण तयार वेगरै दरबन्दी बाहेक समायोजन भई यस नगरपालिकामा हाजिर भएका ६ निजामती कर्मचारी जि.स.स. र अन्य सेवाबाट ५ कर्मचारी रहेको अवस्थामा समेत दरबन्दी बाहेकका २७ कर्मचारी नियुक्ति गरेको छ । व्यवस्थापन श्रर्वेक्षण गरी एकिन दरबन्दी अनुसार कार्य गर्नुपर्दछ। | |
| २९.३. | **नियम विपरित करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगरपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पद बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । नगरपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी नगरपालिकामा काम गर्ने गरी अधिकृत स्तर छैठौ १, सुचना प्रविधि अधिकृत १, सहायक स्तर पाँचौ ३ र सहायक स्तर चौथो १ समेत ६ जना नियुक्ती गरि तलब भत्ता खर्च गरेको देखियो । | |
| २९.४. | **प्रतिस्पर्धा वेगर करारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले कार्यालय सञ्चालनको लागि ४५ जना संग करार संम्झौता गरी रु १३८७१६७९।९८ खर्च गरेकोमा उल्लेखित प्रक्रिया पुरा गरेको पाईएन । नियमावलीमा व्यवस्था भए बमोजिम सूचना प्रकाशित गरी प्रतिष्पर्धाबाट करार सेवा लिनु पर्दछ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०. | **बरबुझारथः** आर्थिक कायविधि नियमावली, २०६४ को नियम ५५ मा नगद, जिन्सी, मालसामान, विनियोजित रकम, राजश्व, धरौटी, बेरुजू, अन्य रकमको लगत स्रेस्ता तथा सरकारी कागजात र आफ्नो जिम्मामा भएको वा रहेको काम आदिको जिम्मा लिने कर्मचारी साधारणतया सरुवा, बढुवा, अवकाश प्राप्त गरी वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा निजको बरबुझारथ गर्नुपर्ने कर्तव्य हुनेछ । म्याद भित्र बरबुझारथ नगरेमा नजिक कार्यालयको प्रतिनिधिको रोहबरमा निजको जिम्मामा रहेको नगद जिन्सीको लगत तयार गरी कार्यालय प्रमुखले बरबुझारथ गराउनुपर्नेछ र नियम ५६ मा अनुसूची ९ वमोजिमको ढाँचामा बरबुझारथको प्रमाणपत्र नभई हालको कार्यालयमा हाजिर हुन नदिने भन्ने व्यवस्था छ । यस नगरपालिकाको विगत वर्षको जिन्सी मालसामान जिम्मा लिने कर्मचारीले हालको जिन्सी शाखा प्रमुखलाई बरबुझारथ गरको देखिएन । विगतको सामानको बरबुझारथ नभएकोले विगत वर्षमा खरिद भएका जिन्सीको अवस्था र उपयोगको स्थिति एकिन हुन सकेन । सम्बन्धितलाई जिम्मेवार बनाई नियमानुसार बरबुझारथ गर्न लगाई जिन्सी सामानको व्यवस्थित अभिलेख राख्नुपर्दछ । | |
| ३१. | **जिन्सी लगत र संरक्षणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेकाछन् । | |
| ३१.१. | **जिन्सी निरिक्षण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विगत वर्ष देखिको जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी लिएको देखिएन । जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी जिन्सीको अद्यावधिक विवरण तयार गरि गर्नुपर्दछ । | |
| ३१.२. | **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३ (२) अनुसार कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएका यसरी निर्णय भएको ३५ औ दिनमा कार्यालय खारेज भएको मानिनेछ । उक्त अवधि भित्रमा सो कार्यालय कायम रहेको दिन सम्मको जिन्सी मालसामानको मौज्दात र मर्मत सम्भार लिलाम मिनाहा गर्नपर्नु मालसामानको परिमाण र मुल्य समेत खुलाई तेस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले ३५ दिन भित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्वन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था भएकोमा यस नगरपालिका अन्तर्गत रहने जिल्ला अस्पताल, वेलहारा स्वास्थ्य चौकी र भिरगाउँ स्वास्थ्य चौकी, महिला विकास कार्यालय र कोशी अञ्चल आयुर्वेद औषधालय गरी निर्णय भएको भएपनि जिन्सी प्रतिवेदन तयार गरी हस्तान्तरण व्यवस्था मिलाएको तथा यस वर्ष प्रदेश अन्तर्गत रहने निर्णय भएकोमा पुनः जिन्सी प्रतिवेदन तयार गरी हस्तान्तरण गरेको देखिएन । यसरी मातहत रहने गरी कार्यालय गाभिएको र छुट्टिएको अवस्थामा जिन्सी प्रतिवेदन तयार नगरको तर जिन्सी सामानहरुलाई खर्च भएको देखिन्छ । नगरपालिकाले ती कार्यालयहरुका नाममा गरेको खर्चको यथार्थता परीक्षण गर्न सकिएन । | |
| ३१.३. | **जिन्सी खाताः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ अनुसार जिन्सी सामानको स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न समयमा खरिद गरेमा मालसामानहरु मध्ये एक वर्षभित्र प्रयोग भइसक्ने, कार्यालयको दैनिक प्रयोगमा आउने रु. २ हजार भन्दा कम मूल्यका कम टिकाउ समानलाई खर्च भएर जाने र अन्यलाई खर्च भएर नजाने सामानको रुपमा वर्गीकरण गरी अभिलेख राख्नु पर्नेमा सो गरेको पाइएन । यस वर्ष खरिद भएका एक वर्ष भन्दा बढी टिकाउ हुने प्रकृतिका ईलेट्रिक सामानहरु, भाडाकुडाहरु, कृषि औजार, कार्यालय सामानहरु खर्च भएर जाने जिन्सी खातामा अभिलेखाङ्कन गरी खर्च जनाएको छ । यस किसिमका सामानहरु यथासिघ्र खप्ने जिन्सी सामानको खातामा म.ले.प.फा.नं. ४७ मा अभिलेख राख्नुपर्दछ । | |
| ३१.४. | **जिन्सीको व्यक्तिगत अभिलेख खाता :** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७५ को दफा १८ अनुसार सवारी साधन, मेशिनरी उपकरण, फर्निचर लगायत कार्यालयले उपलव्ध गराएको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु प्रचलित जिन्सी खातामा अभिलेख राख्नुका साथै प्रत्येक निजामति कर्मचारी, पदाधिकारी र पदाधिकारीका निजी सचिवालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत रुपमा अलग अलग खाता/पानामा समेत विवरण टिपोट गरी निकायका प्रमुखबाट प्रमाणित गराएर अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाको जिन्सी खाताको अभिलेख परिक्षण गर्दा अनुसूची १ अनुसारको अभिलेख तयार पारी कार्यालय प्रमुखबाट प्रमाणित गराई राखेको पाइएन । निर्देशिका बमोजिमको अभिलेख तयार | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नभएकोले कार्यालयको खर्च भएर नजाने जिन्सी सामानको प्रयोग र अवस्था एकिन हुन सकेन । तोकिए वमोजिमको अभिलेख तयार गरी जिन्सी सामानको सदुपयोग गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ३२. | **नापी किताब** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ । नगरपलिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| ३३. | **निर्माण कार्यसँग सम्वन्धित खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षको कार्यालयबाट स्वीकृत ढांचामा राख्नु पर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यसंग सम्वन्धित कार्यको राख्नुपर्ने म.ले.प.फा.नं १६६ कार्य अभिलेख खाता १६७ आइटमवाइज खाता, म.ले.प.फा.नं १७२ नापी नियन्त्रण खाता, १९० ठेक्का सम्वन्धि अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन । अधिकांश योजनाहरु क्रमागत रुपमा संचालित हुने एवं वार्षिक विनियोजनको आधारमा खण्ड खण्ड गरी कार्यान्वयन गर्नुपर्ने अवस्था रहने भएकोले यस प्रकारका खाता अद्यावधिक गरी राख्नु पर्दछ । यस प्रकारका अभिलेखको अभावमा क्रमागत योजनाको कुल खर्च एवं योजना कार्यान्वयनको स्थिति यकिन गर्न नसकिने भएकोले कार्यालयले निर्माण कार्यसंग सम्वन्धित म.ले.प.फारामहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ३४. | **कार्यक्रमगत खाता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२)(३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत यकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| ३५. | **एजविल्ट नक्सा पेश नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन । सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ । | |
| ३६. | **निमार्ण सामाग्रीको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्का द्बारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावि नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ । | |
| ३७. | **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । कार्यालयले यस वर्ष रु .२० लाख ५ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ । | |
| ३८. | **तथ्याङ्क व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ण मा कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण कार्यान्वयन तथा अनुगमन गर्ने गाउँपालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ । सो कार्यका लागि कृषि पकेट क्षेत्र, फलफुल बगैचा पशुपालन समुह लगायतको तथ्याङ्क बिश्लेषणका लागि कृषि उपज बिरुवाको वितरण, पशुपालक समुहलाई बितरण गरेको रागो, कुखुरा जस्ता कृषिजन्य वस्तुको अनुदान विभिन्न शिर्षकबाट गत बिगत एवं यस वर्ष बितरण गरेको अनुदान सम्बन्धमा तथ्याङ्क व्यवस्थित गरी अनुगमन गर्ने गरेको नदेखिएकोले खर्चको प्रभावकारीता एकिन गर्न आवश्यक व्यवस्था हुनु पर्दछ । | |
| ३८.१. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख अद्यावधिक गरेको देखिएन । ऐन अनुसार अभिलेख राख्नुपर्दछ । | |
| ३८.२. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ३८.३. | **लक्षित समूह खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालिकाले कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| ३९. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउंपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष रु.२ करोड ६० लाख उठाउने लक्ष्य राखीएकोमा रु. ३ करोड ३० लाख ४० हजार (२७ प्रतिशत) बढि संकलन गरेको छ । नगरपालिकाले राखेको राजस्व लक्ष्य न्यून नै देखिन्छ । राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी नगरपालिकाको आम्दानी बृद्धि गर्ने तर्फ आवश्यक पहल गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । | |
| ४०. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरंपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरंपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकाक्षेत्र अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४१. | **कार्यालय सामान खरिद :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने । दफा ८(२) मा यस ऐन र र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका सँग खरिद गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नभएकासँग २० हजार भन्दा कमका विलबाट समेत गरी वार्षिक रु ३८९४६४४।१३ को कार्यालय सामान खरिद गरेको छ । सार्वजनिक खरिदसम्वन्धी कार्यविधि र | ३८९४६४४.१३ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रक्रिया खुला, पारदर्शी, बस्तुनिष्ठ र विश्वसनीय बनाउन तथा खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्ने देखिएको रु | |
| | **उपभोक्ता समितिबाट कार्य** | |
| ४२. | नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदाको योजना खाताको बुक छपाई गरी प्रयोग गर्ने गरकोमा उक्त योजना खातामा उल्लेख भएका सवै व्यहोराहरु भरी उपभोक्तासँग सम्झौता गर्ने गरेको, कार्य सम्पन्न गरी सकेपछि भूक्तानी माग गर्दा भर्नुपर्ने विवरणहरु भर्ने नगरेको देखियो । जस्तो समितिको आम्दानी खर्चको विवरण, निर्माण सामाग्री र औजार खरिद प्राप्त आदिको विवरण, आयोजना स्थलमा टाँस गर्नुपर्ने सवैले देख्ने सूचनापाटी, आयोजनाको प्रगति स्थिति, खर्च सार्वजनिक सूचना फारम, उपभोक्ता समितिको भौतिक वित्तिय प्रगति प्रतिवेदन फारम, सार्वजनिक परीक्षण र प्राप्त सुझावहरु, जनसहभागिताको पूर्ण विवरण, योजना निर्माणमा संलग्न कामदारहरुको सम्पूर्ण विवरण (डोर हाजिरी फारम), उपभोक्ता समितिले स्थानीय तहमा पेश गर्नुपर्ने प्रगति विवरण जस्ता विवरणहरु सम्झौता गर्ने सबै उपभोक्ताहरुले भरी पेश गर्ने नगरेको देखिन्छ । साना तिना कार्यको सम्झौतामा यस्ता विवरण नभएतापनि ५ लाख भन्दा बढीको कार्य प्राप्त गर्ने उपभोक्ताहरुले उपर्युक्त विवरणहरु तयार गरी राख्ने वा पेश गर्ने गर्नुपर्दछ । | |
| ४२.१. | **उपभोक्ता समिति दर्ता:** संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसबर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त  हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थायी समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| ४२.२. | **समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायलको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था भएतापनि अधिकांश उपभोक्ता समितिले निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्री अभिलेख नगरी प्राविधिक मूल्यांकन नापी किताव समुदायको बैठकको माइन्यूटसम्म राखी भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत गरिएको निर्माण कार्यमा के कति निर्माण सामाग्री लाग्ने हो सो को विवरण समेतको लागत अनुमान तयार गरी आवश्यक निर्माण सामाग्री खरिद गर्नुपर्नेमा लागत इष्टिमेटमा उल्लेख गरेको कामको परिमाणसंग मेल नखाने गरी घटी बढी हुने गरी सामान खरिद गरेको विल संलग्न गरेकोले इष्टिमेट बमोजिम कार्य भएको भन्ने सक्ने अवस्था देखिएन । पेश गरेको निर्माण सामाग्री खरिद विलबाट निर्माण कार्यको लागि पयाप्त भए नभएको प्राविधिकबाट पुष्ट्याइए सहितको नापी किताव , कार्य सम्पन्न प्रतिवेदन र मूल्यांकन समेत हुनु पर्दछ । | |
| ४२.३. | उप नियम (३) अनुसार उपभोक्ता समूहबाट लाभग्राही समुदायले गर्ने काम वा सेवाका सम्वन्धमा खरिद सम्झौता गर्नुपर्ने र त्यस्तो सम्झौतामा उपभोक्ता समूहले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि, कामको गुणस्तर नियन्त्रण गर्ने, सम्पन्न निर्माण कायको मर्मत सम्भार , सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका अन्य आवश्यक कुराहरु सम्झौतामा स्पष्ट रुपमा खुलाउनु पर्नेमा अधिकांश सम्झौतामा यी सबै कुराहरु  खुलाउने गरेको पाइएन । | |
| ४२.४. | उपनियम (७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफ्नो प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्ने उल्लेख भएपनि सबै उपभोक्ता समितिले सो अनुसारको प्रक्रिया पूरा गरको देखिएन । | |
| ४२.५. | **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट बढी भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन ।  जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने हुदा हस्तान्तरण हुनु पर्ने देखिन्छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३. | **गैरसरकारी संस्थाबाट काम :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्नेछ र उपनियम २ मा सार्वजनिक निकायले उपनियम १ बमोजिमको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुनबमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले निम्नानुसारका गैर सरकारी संस्थाहरुबाट काम गराउदाँ कार्यक्षेत्रगत शर्त, लागत अनुमान तयार नगरेको र सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग वेगर काम गराई भुक्तानी दिएको देखिएको रु.... | ३३५०००.०० |

| भौ.न र मिति | गैरसरकारी संस्था | काम | भुक्तानी रकम |
|---|---|---|---|
| | धनकुटा वहिरा संघ | | १००००.०० |
| | द सेभेन युथ क्लब | लागु औषध दुर्व्यासन विरुद्ध सचेतनामुलक कार्यक्रम | १०००००.०० |
| ३४४/०७५/८/६ | त्रिवेणि कृषि उपभोक्ता सहकारी संस्था लि. | ढुवानी अनुदान | ५००००.०० |
| ३३१/०७५/८/६ | अलजाइमर्स सेवा समाज | अलजाइमर्स सचेता | २५०००.०० |
| | मातृभुमि महिला समाज | व्यूटिसियन तालिम | १५००००.०० |
| | | **जम्मा** | **३३५०००.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३.१. | पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा यस किसिमका संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउँपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । यस किसिमका सहायता प्रदान गर्ने कार्य निरुत्साहित गर्नुपर्ने देखिन्छ । | |
| ४४. | गो.भौ.नं. ५६२, २०७६।२।१४ नगरपालिकाको २०७५।०७६ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत आन्तरिक ऋणको व्याज सेवा शुल्क तथा बैंक कमिसन भनी चालु तर्फ रु.१५०५०००।- र पूँजीगत तर्फ नगर विकास कोष सावा फिर्ता भनी रु.१५०००००।- भनी रु.३००५०००।- बजेट व्यवस्था गरेकोछ । उक्त कोषलाई २०७५।९।१ मा २०७५ पौष मसान्त सम्मको सावा व्याज वापत रु.११६५७१०।५७ र मिति २०७६।२।२६ मा के कुन अवधिका साँवा व्याज वापत हो नखुलाई एकमुष्ट रु.३३४०००।- समेत रु.१४९९७१०।५७ भूक्तानी भएको देखिन्छ । पूँजीगत तर्फको वजेटबाट निकाशा कोषको मिति २०७६।२।१२ को पत्रमा २०७६ आषाढ मसान्त सम्म तिर्नुपर्ने साँवा रु.८३६३८८।७२ र व्याज रु.३८५१९६।९९ समेत रु.१२२१५७५।७१ मात्र भूक्तानी गर्नुपर्नेमा तोकिएको बजेट पूरै भूक्तानी दिएको छ । बढी भूक्तानी भएको रु.२७८४१४।२९ के कुन अवधिको साँवा वा व्याजमा मिलान हुने एकिन नगरी बढी भूक्तानी भएको रकमको यथार्थ विवरण पेश हुनुपर्ने रु....... | २७८४१४.०० |
| ४५. | नगरपालिकाले प्रयोगमा ल्याएको सांग्रीला सफ्टवयरमा आर्थिक कारोबारको अभिलेख गरेको मध्ये पूँजीगत खर्च खाता (२०१०३०२०२६२०२) भनी २०७५ भाद्रबाट गोश्वरा भौचर १ बाट अभिलेख भै २०७६ आषाढ मसान्तसम्म ७६४ भौचरबाट कुल बजेट खर्च रु.१४२०३१२१९।७९ पेश्की पाएको रु.२४९५९५४०।- र फछ्र्यौट रु. २०७३०५४०।- भै फछ्र्यौट गर्न बाँकी पेश्की रु.४२२९००।- रहेको देखिन्छ । सोही खर्च खाताको फछ्र्यौट गर्न पेश्कीको विवरणमा वर्षान्तमा रु.३७०००००।- र खर्चको फाँटवरीमा पनि त्यती नै बाँकी देखिएको छ । बैंक नगदी किताबले भन्दा रु.५२९०००।- घटी पेश्की बाँकी देखाएको छ । यस विद्युतिय लेखामा गोश्वरा भौचर अभिलेख गरेकै आधारमा बैंक नगदी किताब खर्चको फाँटवारी र फछ्र्यौट हुन बाँकी पेश्की विवरण तयार हुने हुँदा प्राप्त भएका वार्षिक प्रतिवेदनहरु बीच फरक अंक देखिदा प्रयोग भएको विद्युतिय लेखा त्रुटीपूर्ण रहेको देखिन्छ । अभिलेख भै सकेका वार्षिक प्रतिवेदनमा सच्याउने र थपघट गर्न सक्ने समेतको सुविधा रहेको देखिदा सो विद्युतिय लेखामा अभिलेख गरेका कुनै पनि कारोबारहरु सही र एकिन हुन् भनि विश्वस्त हुन सकिएन । यस्को केही उदाहरणहरु: | |
| ४५.१. | २०७५ माघ महिनासम्माको पेश्की बाँकी खर्चको फाँटवारी र बैंक नगदी किताबले रु. ८२२७००।- देखाएको छ भने पेश्की बाँकीको विवरणले (म.ले.प.फा.नं. १४) रु.८०९५०००।- देखाएको छ । वास्तविक बाँकी पेश्की भन्दा रु.१३२०००।- घटी देखाएबाट उक्त महिनाको पेश्की वाँकीको विवरण गलत देखिन्छ । | |
| ४५.२. | २०७६ जेष्ठ मसान्त सम्मको फछ्र्यौट हुन पेश्कीमा बैंक नगदी किताबमा रु.८०६०५००।-खर्चको फाँटवारीमा रु. ८०६८००।-र पेश्की बाँकीको विवरणमा रु.८०३६०००।- मात्र देखाएकोले फरक फरक गलत अभिलेख देखिएको छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **पेश्की कारोबार:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८४ मा यस नियमावली वमोजिम पेश्की फछ्र्योट भयो वा भएन भन्ने कुरा जाकारी दिन र पेश्की फछ्र्यौट समयमा गराउन पेश्कीको सूची तयार गरी आर्थिक प्रशासन शाखा प्रमुखलाई कार्यालय प्रमुख समक्ष महिना भूक्तान भएको ७ दिन भित्र पेश गर्नुपर्दछ । कार्यालय प्रमुख आर्थिक प्रशासन शाखा प्रमुखले सो को समिक्षा गरी फछ्र्यौटको कार्य गर्नुपर्दछ भन्ने व्यवस्था छ । यस नगरपालिकाले पेश्की मार्फत गरको कारोबारको बैंक नगदी किताब व्यक्तिगत पेश्की बाँकी विवरण अनुसारको विवरण नै फरक रहेको तथा पेश्कीको सूची तयार गरी आर्थिक प्रशासन शाखा प्रमुख र कार्यालय प्रमुखले समिक्षा गरेको देखिएन । | |

| महिना | बैंक नगदी किताब अनुसार | | | व्यक्तिगत पेश्की बाँकी विवरण अनुसार | | | फरक देखिएको | |
|---|---|---|---|---|---|---|---|---|
| | पाएको | फछ्र्यौट | बाँकी | पाएको | फछ्र्यौट | बाँकी | पाएकोमा फरक | फछ्र्यौटमा फरक |
| भाद्र | ७५००० | - | ७५००० | ७५००० | - | ७५००० | - | - |
| आश्विन | ७५७७५० | - | ७५७७५० | ८३२६५० | - | ८३२६५० | ७५००० | - |
| कार्तिक | ७७५९४० | - | ७७५९४० | १६०८६९० | - | १६०८६६९० | ७५७७५० | - |
| मंसीर | ६२३२५० | ९९००० | ५२४२५० | २३३१९४० | ९९००० | २१३२९४० | १६०८६९० | - |
| पौष | १२२९३५० | ११२८०४० | १०१३१० | ४१६१२९० | १२२७०४० | २९३४२५० | २९३१९४० | ९९००० |
| माघ | ५९२७५०० | ६३४७७५० | ५२९२७५० | ९९५६७९० | १८६१७९० | ८०९५००० | ४०२९२३० | १२२७०४० |
| फागुन | ६१३६२५० | १८६६००० | ४२६९२५० | १६०९३०४० | ३७२७७९० | १२३६५२५० | ९९५६७९० | १८६१७९० |
| चैत्र | १२२४५०० | २६२५७५० | १४०१२५० | १७३१७५४० | ६३५३५४० | १०९६४००० | १६०९३०४० | ३७२७७९० |
| वैशाख | २२३८००० | ३६१४५०० | १३७३५०० | १९५५५५४० | ९९६८०४० | ९५८७५०० | १७३१७५०० | ६३५३५४० |
| जेष्ठ | २१५८५०० | ३७१०००० | १५५१५०० | २१७१४०४० | १३३७८०४० | ८०३६००० | १९५५५५४० | ९६६८०४० |
| आषाढ | ३११३५०० | ७०५२५०० | ३९३९००० | २४९३४९९० | २१२३४९९० | ३७००००० | १७८८२४९० | १४१८२४९० |
| **जम्मा** | **२४२५९५४०** | **२६४४३५४०** | **२००६१५००** | **११८५८१५१०** | **५७८५०२३०** | **७४८०९२८०** | **९०२०७९७०** | **३७११९६९०** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४७. | गो.भौ.नं.८,२०७५।५।२६ सवारी चालक अम्वर बहादुर राईलाई वडा नं. १,३,४,५,६र ७ भित्रका सडकहरुमा सरसफाई कार्य गरेको कामदारहरुको ज्याला गर्न भनी रु. ४८१४२५।- को विल पेश गरेकोमा गत वर्ष वातावरण तर्फबाट वित्त अधिकृत उपेन्द्र प्रसाद खनालले लिएको पेश्की रु.५००००।- फछ्र्यौट जनाई बाँकी भूक्तानी गरेको छ । सम्बन्धित शिषर्कमा फछ्र्यौट नगरी असम्बन्धितमा फछ्र्यौट देखाएकोले सम्बन्धितबाट दाखिला गर्नुपर्ने रु... | ५००००.०० |
| ४८. | गो.भौ.नं. ११ २०७५।५।२७ धर्मगंगा ढुवानी एण्ड सप्लायर्स धनकुटाको २०७५।७।१९ का ६ वटा विलबाट वालुवा माटो ढुवानी गरेको भनी ११२७००।- भूक्तानी गरेकोमा भाडा कर १० प्रतिशतले रु.११२७०।- कट्टी गर्नुपर्नेमा रु. १६९०।५० मात्र कट्टी गरेकोले घटी असुल हुनुपर्ने रु.... | ९५७९.५० |
| ४९. | गो.भौ.नं. १०४ २०७५।८।१२ रुद्रावारी खेल समितिले रविन निर्माण सेवा मोरङ्गको जेसिवी भाडामा लिई खेल मैदान सम्याउने कार्य गरी मु.अ.कर समेत रु. २५४२५०।- भूक्तानी गरेकोमा १० प्रतिशत भाडाकर रु.२२५००।- कट्टी नगरी नगरपालिकाले रु.२५००००।- भूक्तानी गरेकोले असुल हुनुपर्ने रु... | २५५००.०० |
| ५०. | गो.भौ.नं. १०५, २०७५।८।१२ शिर्जनशिल टोलवस्ती संगठनले पनि सोही व्यवसायीको मेसिन भाडा लिई रु. १३५०६००।- भूक्तानी गर्दा भाडाकर असुल नगरको रु.... | १२०००.०० |
| ५१. | **मूल्य अभिवृद्धि कर दाखिला:** आन्तरिक राजश्व विभागको मिति २०७६।२।२७ को पत्रानुसार ठेकेदारका आपूर्तिकर्तालाई कर विजक वापतको रकम भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा दाखिला गर्नुपर्ने भनेकोमा निम्नानुसार भूक्तानीमा सो अनुसार भएको नदेखिएकोले दाखिला हुनुपर्ने रु...... | २९४२९७.५० |

| भौ.नं र मिति | नाम | विजक मिति | विल नं संखया | मु.अ.कर भुक्तानी | ५०% ले हुने |
|---|---|---|---|---|---|
| ७२९, २०७६/३/२९ | दक्षिणकाली हार्डवयर धनकुटा | २०७६/३/२० | ३ वटा | ९३५६८ | ४६७८४ |
| ६३८, २०७६/३/११ | दक्षिणकाली हार्डवयर धनकुटा | २०७६/३/१ | ८३१ | ३५९४५ | १७७९२ |
| ६१९, २०७६/३/६ | सिद्धि विनायक सप्लायर्स सुनसरी | २०७६/३/१ | ७८२ | २३०४३ | ११५२१.५ |
| ६२५, २०७६/३/८ | किसान नि.से. एण्ड सप्लायर्स ध. | २०७६/३/९ | ४ | २७२७० | १३६३५ |
| ६४३, २०७६/३/१३ | मिलन फर्निचर उद्योग धनकुटा | २०७६/३/८ | २७ | ११०८९ | ५५४४.५ |
| ६४६, २०७६/३/२३ | धनकुटा मिडिया हाउस धनकुटा | २०७६/३/१५ | ८ | २३८०५ | ६९०२.५ |
| ७३२, २०७६/३/३० | वाई पि आर निर्माण सेवा प्रा.लि. ध. | २०७६/३/२७ | १५ | ११०९६४ | ५५४८२ |
| ७१९, २०७६/३/३१ | मनाकामना सप्लायर्स | २०७६/३/८ | २२ | १२७९२ | ६५९६ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७५१, २०७६/३/३१ | लोटस सोलार कम्पनी प्रा.लि. | २०७६/३/१० | २५४ | ११५०४ | ५७५२ |
| ७१५, २०७६/३/२९ | विरिम खेमसुङ्ग एण्ड गौरुङ्ग कन्स्ट्रक्सन | २०७६/३/२९ | ३० | १७३६२ | ८६८१ |
| ७०८, २०७६/३/२९ | मनकामना ग्रील उद्योग | २०७६/३/१ | २१ | १९५०० | ९७५० |
| ७५०, २०७६/३/३१ | मनकामना ग्रील उद्योग | २०७६/३/२५ | ८३ | १३६६८ | ६८३४ |
| ७५०, २०७६/३/२९ | मनकामना सप्लायर्स धनकुटा | २०७६/३/२६ | ३३ | १००६४ | ५०३२ |
| ६८१, २०७६/३/२५ | सोलार कम्पनी एण्ड इनर्जी प्रा.लि.सु | २०७६/३/१५ | ७२८ | ३४३२० | १६१६० |
| ७६१, २०७६/३/३१ | साग्रीला माइक्रो सिस्टम प्रा.लि.लपु. | २०७६/३/२७ | १६३ | १७२२५ | ८६१२ |
| ७६०, २०७६/३/३१ | भोलानाथ ईन्जिनियरिङ्ग डि.क.प्रा.लि झापा | २०७६/३/२५ | २२ | २२८८० | ११४४० |
| ७६५, २०७६/३/३१ | लक्ष्मी इन्टरप्राइजेज धनकुटा | २०७६/३/२३ | १४२६ | २८९३० | १४४६५ |
| ७५३, २०७६/३/३१ | खोकु निर्माण सेवा धनकुटा | २०७६/३/३१ | १५ | ३३८६४ | १६३३२ |
| ७१८, २०७६/३/२९ | निशान ग्रील उद्योग धनकुटा | २०७६/३/२९ | ५६ | ११५४८ | ५७७४ |
| ७०८, २०७६/३/१ | मनकामना ग्रील उद्योग | २०७६/३/१ | ५१ | १९५०० | ९७५० |
| ७०५,२०७६/३/२९ | मल्टीटेक सप्लायर्स धरान | २०७६/३/१० | ७२८ र ७२९ | २२९१६ | ११४५८ |
| | जम्मा | | | | २९४२९७.५ |

५२. **मुल्य अभिवृद्धि करको जानकारी नगराएको:** कार्यालयसँग विभिन्न निर्माण व्यवसायी/आपूतर्ककहरुलाई सेवा वा सामानको भुक्तानीमा थप गरी दिएको मु.अ.कर रकमका भुक्तानी भएको पछिल्लो २५ गते भित्र आर्पूतक फर्म कम्पनी दर्ता भएको सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जानकारी दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्त समितिसंग सम्झौता गरी विभिन्न निर्माण आपुर्तकहरु मार्फत निर्माण सामाग्री खरिद गरेकोमा आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका निम्न व्यवसायी तथा आपुर्तकलाई रु. ३०८४८७४।२७ मूल्य अभिवृद्धि कर समेत थप दिइएकोमा सो दाखिला भएको कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

| नाम | विल | मिति | विल जम्मा | मु.अ.कर |
|---|---|---|---|---|
| धनकुटा मिडिया हाउस | ११ | २०७५/३/४ | १६९५०० | १९५०० |
| सविन नि.से. मोरङ्ग | ८४ | ३०७५/३/३१ | २४२९५० | २७९५० |
| धनकुटा हाडवयर सम्लायर्स | २९७ | २०७५/३/७ | १९०२७५ | ११८९० |
| छेदुङ्ग नि.से. | ०४ | २०७५/६/३ | ४९२२०२ | ५६६२५ |
| मनकामन ग्रील उद्योग धनकुटा | ०४ | २०७५/६/१६ | ४९६२९६ | ५७०९६ |
| निशान इन्टरप्राइजेज धनकुटा | विल केरमेट | २०७५/६/१७ | २०२५०० | २३२९६ |
| सेतीगंगा ग्रील उद्योग धनकुटा | २० | २०७५/७/१३ | २१३६७१ | २४५८१ |
| कुलस सोलार एण्ड इ.क.प्रा.लि. | ०९ | २०७५/५/१० | २३१९९९ | २६६९० |
| मिलन फर्निचर उद्योग धनकुटा | ०६ | २०७५/६/२५ | २०३४०० | २३४०० |
| किम्दाहाङ्ग नि.से. तेह्रथुम | २ | २०७५/७/१६ | ४९७८१४ | ५७२७० |
| डिनिसा नि.से. धनकुटा | २ | २०७५/८/६ | ४९४२२० | ५६८५७ |
| रविन नि.से. मोरङ्ग | ५ | २०७५/८/५ | २५४२५० | २९२५० |
| रोयल भोटर ट्रेडर्स | ५४ | २०७५/८/२ | २४५०००० | २८१८५८ |
| शुभकमना नि.से. धनकुटा | ४१ | २०७५/८/२५ | ३०२२७५ | ३४७७५ |
| सुदिक्षा थुलुङ्ग कन्स्ट्रक्सन धनकुटा | ४ | २०७५/८/१९ | २१८८८१६.२२ | २४६३६०.२७ |
| सल्टर कन्स्ट्रक्सन तेह्रथुम | २ | २०७५/५२० | ४१२४५६४ | ४७४५०७ |
| विनायक नि.से. एण्ड सप्लायर्स | ४ | २०७५/५/२५ | २३१६४९९ | २६६५०० |
| नेपाल प्लाष्टिक धरान | ७२४ | २०७५/९/१० | १२७४५७२ | १४६६३२ |
| घेदुङ्ग नि.से. धनकुटा | ४ | २०७५/६/२३ | ४९२२०१ | ५६६२५ |
| राई नि.से. धनकुटा | १ | २०७५/६/२३ | ४९८४९६ | ५७३४९ |
| किम्दाहाङ्ग धनकुटा | २ | २०७५/७/१६ | ४९७८१४ | ५७२७० |
| लक्ष्मा इन्टरपाइजेज धनकुटा | ३ विल | २०७५/७/१० | २२९२०३ | २६३६८ |
| मनकामना सप्लायर्स धनकुटा | १ | २०७५/८/२६ | ४८५६६२ | ५५८७२ |
| धनकुटा हार्डवयर सप्लायर्स | १२२ | २०७५/८/२३ | ९०४०० | १०४०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| डेनिसा नि.से. धनकुटा | १ | २०७५/८/६ | ४९४२२० | ५६८५७ |
| जय श्रीराम कंक्रिट ई.प्रा.लि. मोरङ्ग | २ विल | २०७५/८/२८ | २३७४३५ | २७३१५ |
| सुदिक्षा थुलुङ्ग कन्स्ट्रक्सन | १ | २०७५/५/२४ | १५५६३३६ | १७९०४७ |
| टेकुनाला निर्माण सेवा धनकुटा | ७४ | २०७५/११/१२ | १४५०९२० | १६६९२० |
| सुप्रिम प्लाष्टिक कन्सर्न काठमाडौं | २४३ | २०७५/११/२१ | ३८४९९९ | ४५२९२ |
| अभियन्त्र सिभिल लिंक(पाथव जे.भि) | १ | २०७५/११/२१ | १४९७०२४ | १७२२२४ |
| शुभकामना निर्माण सेवा धनकुटा | ९६ | २०७५/११/३० | ५८४२१ | ६७२१ |
| विरिम खेमसोङ्ग एण्ड गौरुङ्ग क. | १३ | २०७५/१२/२० | १३६७३० | १५७३० |
| डाउन हिल कन्स्ट्रक्सन एण्ड डिजाइन प्रा.लि. झापा | ५ | २०७५/१०/१२/ | १५०००० | १७२५६ |
| विकास हार्डवयर प्रा.लि. सुनसरी | ५८९० | २०७५/१२/४ | १११७६८ | १२८५८ |
| हिले कान्जीरोवा मकालु होटल प्रा.लि. | १८२५ | २०७६/२/२९ | १९९९९९ | २३००८ |
| निगाले सिमेन्ट प्रा.लि. धनकुटा | ३७१३<br>३९५५ | २०७६/१/१७<br>२०७६/२/१० | १९७६८८.५३ | २२७४२ |
| सूर्यमुखि इन्टरप्राइजेज धरान | २३७९ | २०७६/१/२५ | ३९१४०९ | ४५०२९ |
| वि.एन.वि इलेक्ट्रोनिक्स धनकुटा | १४८ | २०७६/२/८ | ३०५१०० | ३५१०० |
| श्रीकृष्ण फर्निसिङ्ग फ्लोरिङ्ग एण्ड स. धनकुटा | ६९ | २०७६/२/२७ | १८२२६९ | २०९६९ |
| लोटस सोलार कम्पनी प्रा.लि. धनकुटा | १८० | २०७५/१२/२७ | ४९९००० | ५७४०७ |
| पिरामिड टेक्नीकल इन्स्टिच्यूट प्रा.लि. सुनसरी | २२ | २०७६/१/८ | २५०००० | २८७६१ |
| तेस्रो मिडिया एजेन्सी धनकुटा | २ | २०७५/१२/२७ | १५०००० | १७१५६ |
| एवार्ड कन्स्ट्रक्सन धनकुटा | २४ | २०७६/२/८ | ४८३४६ | ५५६१ |
| **जम्मा** | | | **२६९४१२४३.७५** | **३०८४८७४.२७** |

५३. नगरसभाबाट आ.व. २०७५।०७६ को लागि स्वीकृत पूँजीगत कार्यक्रम तथा बजेट अनुसार पर्यटन विकास अन्तर्गत २.५ मा फलफूल तथा अन्य स्तम्भ निर्माणमा २० लाख बजेट व्यवस्था गरेको छ । उक्त कार्य गर्न स्तम्भ निर्माण एकमुष्ट विस्तृत लागत अनुमान तयार गरी पतिस्पर्धाको माध्यामबाट कार्य गर्नु पर्नेमा सोझै सामान खरिद गरी जम्मा रु. ५१९६००।- खर्च भै उक्त कार्यक्रममा स्वीकृत भएको बजेट २० लाख भन्दा रु. २५१९६००।- बढी खर्च भएको देखिन्छ । स्वीकृत कार्यक्रमबाट नगरपालिका वडा नं. ६ स्थित जिल्ला प्रहरी कार्यालयको आसपास छेउमा एभोकाडो स्तम्भ निर्माएण गरको देखियो । यो स्तम्भ निर्माण गर्न, आवश्यक फूल गमला राख्न र दुवो लगाउने कार्य गरेको देखिन्छ । कतिपय कार्यको सम्पन्न प्रतिवेदन तयार गर्दा कार्य सम्पन्न मिति अघिल्लो आर्थिक वर्षको उल्लेख गरेको कतिपयमा कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको देखिन्छ । उक्त स्तम्भ निर्माणका लागि स्वीकृत बजेट भन्दा बढी खर्च गरेको सम्बन्धमा एकिन हुनुपर्ने रु........ ५१९६००.००

| भौ.नं. र मिति | काम | व्यवसायी | सम्झौता | सम्पन्न | सम्झौता रकम | भूक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ५२/२०७५/६/२३ | सडक भित्तमा टेवा पर्खाल (कोशी राजमार्ग देखि परिचय मोड स.) | राइ नि. से. धनकुटा | २०७५/६/५ | २०७५/६/१७ | ४९८६३४.८६ | ४९८४९६.११ |
| ७५/२०७५/७/१७ | विभिन्न निर्माण सामाग्री खरिद | रोशन ट्रेडिङ्ग धनकुटा | - | २०७५/७/१२ | - | १६३१९.४६ |
| ८८/२०७५/८/१ | एभोकाडो स्तम्भ निर्माण | डेनिशा नि.से. धनकुटा | २०७५/६/२६ | २०७५/७/१८ | ४९८००८.७१ | ४९४२२०.३५ |
| १३७/२०७५/९/१४ | एभोकाडो पार्कमा चाइनिज दुवो लगाउने र फूलको गमला राख्ने | धर्मगंगा फलफूल नर्सरी पात्ले | २०७५/७/७ | २०७५/८/१५ | २३७४८१.२५ | २३७६००.०० |
| १७०/२०७५/९/२० | टायल, स्टील, मार्वल, ब्लक लगाउने कुर्सी तयारी आदि | निवेदक शैलन्दुमान श्रेष्ठ | - | २०७५/९/१/ | - | ५६३८८२.०० |
| २५१/२०७५/१०/२ | इन्टरलक ब्लक उपलब्ध गराएको ६१८० गोटा र मार्वल ११४ व.फि. | मनकामना सप्लायर्स ( शैलेभ श्रेष्ठ) ६०१५५१०१६ | - | - | - | २८८९६३.०० |
| ३६७/२०११/२९ | एभोकाडो पार्कमा वाल पेन्टिङ्ग र अक्षर चित्र | एक-भा आर्ट एण्ड क्राफ्ट | - | - | - | ४०१२०.०० |
| २२०/२०७५/६/२५ | एभोकाडो प्रतिमा निर्माण | गोलसिमल मुर्तिशाला झापा (मुक्तिराम राई) | २०७५/५/५ | २०७५/६/२५ | ३८००००.०० | ३८००००.०० |
| | | **जम्मा** | | | | **२५१९६००.९२** |

५३.१. माथि धर्मगंगा फलफूल नर्सरी पात्लेखोला धनकुटाले २०७५।७५ मा पेश गरेको कोटेशन दररेटमा एभोकाडो पार्कमा चाइनिज दुवो विछ्याउने १८८० व.फि. दर १२०।- ले रु. २२५६००।- उल्लेख गरेको र २०७५।७७ को सम्झौता समेत कवोल गरेको रकम मात्र उपलब्ध गराउने भनेकोमा निजलाई रु.२३७६००। भूक्तानी दिएको छ । कार्यक्षेत्र र

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कोटेशनमा नै उल्लेख नभएको ८० वटा फूल सहितको गमला दर १५०।- ले भनी विल पेश गरेको आधारमा बढी भूक्तानी गरेकोले सम्झौता भन्दा फरक कार्यको भूक्तानी रकम असुल हुनपर्ने रु..... | १२०००.०० |
| ५४. | गो.भौ.नं. ७४५, २०७५।३।३१ जलवायु परिवर्तन अनुकुलित कार्यक्रम नगरपालिका वाड-१ सँग टनेल निर्माण तथा प्लाष्टिक पोखरी निर्माण गर्न २०७६।१।१५ मा समितिको श्रमदान रु.७१८२९६।४१ समेत रु.१७६८२९६।४१ मा २०७६।३।२९ मा कार्य सक्ने सम्झौता गरी मिति २०७६।१।१७ मा रु.३४६५००।- पेश्की दिएको छ । पेश्की माग निवेदन नभएको सम्झौताको शर्तमा पनि पेश्की दिने उल्लेख भएको छैन । कार्य गरी २०७६।३।३२ मा कार्यको विल पेश गरेकोमा रु. १०४१८५६।- को मात्र कार्य गरी नगरपालिकाको रु.१०५००००।- भूक्तानी गरेकोमा निम्न देखिन्छ । | |
| ५४.१. | सुरु लागत अनुमान प्लाष्टिक पोखरी ७४ वटा प्लाष्टिक टनेल ७४ वटा माटो खन्ने कार्य ११० घ.मि. को र ज्यामी ज्याला(संख्या १४८०) समेत रु.१७२६२९६।४१ मा कन्टेन्जेन्सी र प्रशासनिक खर्च रु.४२०००।- समेत १७६८२९६।४१ को रहेको छ । सुरु सम्झौता हुँदा श्रमदान रु.७१८२९६। ४१ गर्ने भनिएकोमा सो अनुसार कार्य नगरी पछि कार्यको अन्तिम विल रु. १०४१८६५।- पेश गर्दा लागत घटाई १०६८१०६।- मा श्रमदान रु. १८१०६।- मात्र गर्नेगरी दोस्रो सम्झौता बनाई समितिलाई रु.१०५००००।- भूक्तानी गरेको देखियो । सुरु सम्झौता अनुसारको कार्य नगरी जतिको कार्य गरेको छ सोही अनुसारको दास्रो सम्झौता बनाई भएको भूक्तानी सम्झौता विपरित देखिएकोले सुरु सम्झौता अनुसार कै श्रमदान गर्नुपर्नेमा नगरेकोमा अनुपातिक हिसावले ४० प्रतिशतले कट्टी गरेर बाँकी रकम मात्र भूक्तानी दिनु पर्नेमा कर्यालयको पूरै रकम भूक्तानी भएकोले बढी रकम असुल हुनुपर्ने (४२७२४२।४०-१८१०६) रु.... | ४०९१३६.४० |
| ५४.२. | सुनेरा इनर्जी प्रा.लि. काठमाडौंका २ विलबाट रु.१०७०५६०।४० को प्लाष्टिक खरिद गरी भूक्तानी गरेकोमा सो कार्य सोझै खरिद गरेको देखिन्छ । आर्थिक ऐन, २०७५ अनुसार कृषि कार्य टनेल प्लाष्टिक पोखरीमा प्रयोग हुने प्लाष्टिकमा मु.अ. कर नलाग्ने उल्लेख भएको उक्त प्रा.लि. लाई मु.अ.कर समेत जोडी भूक्तानी गरेको देखिएको रु.. | १२३१६१.७४ |
| ५४.३. | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धित कार्यविधि, २०७५ धनकुटा नगर कार्यपालिकाको मिति २०७५।६।२६ को निर्णयबाट स्वीकृत भएको छ । सो कार्यविधिको दफा ११ (५) अनुसार खर्चको सार्वजनिक परीक्षण नगरेको खर्च सार्वजनिक सूचना टास नगरेको दफा १६ (ङ) अनुसारको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन पेश नगरेको अवस्थामा कार्यालयको भूक्तानी भएको छ । यो कार्यविधिको पालना हुनुपर्दछ । | |
| ५४.४. | जलवायु परिवर्तन अनुकुलन समूहलाई गतवर्षको भौ.नं. १०७८ मिति २०७५।३।३१ मा एकै पटक पूरै पेश्की रु. २००००००।- भूक्तानी गरेको देखिन्छ । एउटै प्रकारको कार्यको लागि दुवै एकै स्थानमा एउटै समितिलाई कार्य गर्न दिएकोमा कामको दोहोरोपना नभएको भन्न सक्ने अवस्था भएन । कार्यविधिको दफा १३ मा अनुगमन समिति गन्न गर्नुपर्ने व्यवस्था रहेकोमा सो नभएको, दफा ४ (१) मा उपभोक्ता समितिको लगत राख्ने भनेकोमा सो नराखिएको देखिन्छ । गत वर्षको पेश्कीबाट भौ.नं. ३२३ मिति २०७५।११।२१ मा कार्य गरेको विल पेश गरेको छ । विल भरपाई परीक्षण गर्दा उपभोक्ता सुरु लागत अनुसार उपभोक्ताले रु.३६३८९७१५ र कार्यालयले रु.१९८६८४५।८० समेत रु. २४५०७४२।९५ भएकोमा कार्य सम्पन्नसँग कार्यविधि अनुसारको सम्झौता भएको पनि देखिदैन । समूहले गरेको श्रमदानको अलग्गै कामको अभिलेख देखिदैन । अतः गतवर्षको र यस वर्षको नगरपालिकाको बजेटबाट के कुन स्थानमा काम भएको खुल्ने र छुट्टिने कुनै आधार नदेखिएकोले छानविन भै एकिन हुनुपर्ने देखिन्छ । | |
| ५४.५. | गत वर्षको पेश्की रु. २० लाख मध्येबाट खर्च गरको विल मध्ये सुनेरा इनर्जी प्रा.लि. काठमाडौंबाट कृषि कार्यमा प्रयोग हुने प्लाष्टिक रु.४६१३६२।- मा मु.अ.कर रु.५९९७७।- समेत भूक्तानी दिइएकोले आर्थिक ऐन, २०७५ अनुसार सो भूक्तानी गर्न नमिल्ने रु........ | ५९९७७.०० |
| ५५. | आ.व. २०७५।०७६ को स्वीकृत पूँजीगत कार्यक्रम तथा बजेटको १.१५ मा सडक वत्ति साझेदारीमा रु.२०००००।- बजेट व्यवस्था गरेकोमा कार्यविधि तयार गरी सम्बन्धित उपभोक्ताले ५० प्रतिशत सहभागिता वापतको रकम नगपालिकामा जम्मा गरेपछि मात्र नगरपालिकाले पूरै रकम भूक्तानी दिनुपर्नेमा निम्नानुसार मितिमा खरिद कार्य गरी जिन्सी दाखिला गरेकोमा उक्त सडक वत्ति वल्व र वल्व सहितको सेट के कुन टोलवस्तीमा जडान भएको र कुन संस्थाको सझेदारीमा सो कार्य भएको नखुलेको, सम्झौता नभएको लागत अनुमान नभएको, बुझेको भरपाई नभएको तथा खर्चको औचित्य स्पष्ट नभएको अवस्था देखियो । | |

| भौचर नं. | फर्मको नाम | विल मिति | सामान | संख्या | रकम |
|---|---|---|---|---|---|
| ३९१ | के.सी. इलेक्ट्रोनिक, धरान | २०७५/७/१० | सडक वत्ति बल्ब सहित र लिड बल्ब | १२० | १०४९५४.४० |
| ४३९ | के.सी. इलेक्ट्रोनिक, धरान | २०७५/१२/२३ | सडक वत्ति बल्ब सहित र लिड बल्ब | २०० | ६४८६२.०० |
| ६८० | के.सी. इलेक्ट्रोनिक, धरान | २०७६/३/३ | सडक वत्ति बल्ब सहित र लिड बल्ब | १०० | ३२४३१.०० |
| | | | **जम्मा** | | **२०२२४७.४०** |

स्वीकृत बजेट रु.२ लाख भएकोमा सो भन्दा रु. २२४७।४० खर्च गरेको र साझेदारीको सम्झौता वेगर आफैले खरिद

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्य गरेकोले उद्देश्य अनुरुप कार्य भएको छैन । | |
| ५६. | स्वीकृत कार्यक्रम अनुसार भिरगाउँ सेवा केन्द्र हिले सडक निर्माणको लागि रु. ४० लाख बजेट व्यवस्था गरेकोमा भिरगाउँ सेवा केन्द्र हिले सडक उपभोक्ता समितिँग सम्झौता गरी तोकिएको बजेटको ३३ प्रतिशत रकम अग्रीम पेश्की दिएको देखियो । यसरी पेश्की दिन मिल्ने आधार देखिदैन । उक्त बजेटबाट नियमानुसार प्रतिस्पर्धाको मध्यमबाट घटी कवोल गर्ने निर्माण व्यवसायीबाट कार्य गरको भए कममा कार्य गर्न हुने अवस्थाको विचार गरिएको देखिदैन । समितिलाई दुइपटक गरी रु. ३६ लाख भूक्तानी भएको छ । समितिले निर्माण सामाग्री खरिद गरी सोही सप्लायर्सलाई ढुवानी गरको रकम समेत भूक्तानी गरकोमा धर्मगंगा ढुवानी एण्ड सप्लायर्स धनकुटालाई विभिन्न पटक गरी विभिन्न ५७ वटा विलबाट प्रत्येक विलमा रु. ४०००।- का दरले ढुवानी भाडा भूक्तानी गरेकोमा रु.२२८०००।- को १० प्रतिशत ढुवानी भाडा कर कट्टी दाखिला गरेको नदेखिएको रु...... | २२८००.०० |
| ५७. | गो.भौ.नं. ४५५, २०७५।१।१० नगरस्तरीय बजेटबाट रत्न षडेश्वर मन्दिर निर्माणका लागि रु.२० लाख बजेट व्यवस्था गरेकोमा २०७५।११।९ मा रु. २२ लाख बजेट खर्च गरेको छ । रत्न षडेश्वर शिवालय मन्दिर धनकुटा १ हिले नामको छाप भएको अध्यक्षसँग २०७५।११।८ मा सम्झौता गरेतापनि उपभोक्ता तर्फबाटको दस्तखत छैन । सम्झौतामा मर्मत सम्भार जिम्मा लिने संस्थाको नाम, जनश्रमदान, सेवा शुल्क, आयोजनाको प्राविधिक विवरण निर्माण समाग्रीको विवरण आदि खाली रहेको देखिन्छ । शिवालय मन्दिरको २०७५।१२।२४ को रकम भूक्तानी निवेदनका आधारमा रु.२२ लाख भूक्तानी भएको छ । निर्माण पछिको नक्शा पेश भएको छैन । खर्च सार्वजनिक र सामाजिक लेखापरीक्षण गराएको विवरण पेश भएको छैन । | |
| ५८. | गो.भौ.नं. ४२५, २०७५।१२।२६ पाल्ले रुतुवा रातमाटे फलाटेदेवी वेलहरा ग्रामीण सडक योजना न.पा.- ९ को रडक स्तरोन्नती गर्न समितिको श्रमदान रु. १७०४२१९१।- र न.पा. बाट १० लाख समेत रु. १०१७०४२।९१ को २०७५।१०।१३ मा सम्झौता गरी ३३०००।- अग्रीम भूत्तानी गरेको छ । समितिले राख्नु पर्ने १० प्रतिशत नगद १०००००।- जम्मा नगराई अग्रीम भूक्तानी दिइएको छ । अन्तिम कार्य सम्पन्न विल २०७५।१२।४ मा पेश हुँदा उपभोक्ताले १३९३०।४५ को मात्र श्रमदान गरेको देखिन्छ । सुरु लागत अनुमान हुँदाको भन्दा कार्य सम्पन्न प्रतिवेदनमा रु. १०११५।२० मात्र श्रमदान गर्न उल्लेख गरी रु.१३९३०।४५ श्रमदान भएको भनि नगरपालिकाबाट हुने भुक्तानी पूरै रकम रु. १० लाख खर्च भएकोले समानुपातिक कट्टी गर्दा सुरु सम्झौतामा उल्लेख भए अनुसारको श्रमदान नगरी भूक्तानी (१७०४२।९१-१३९३०।४५) पाउनेबाट रु.३११२।४६ कट्टी गरेर मात्र भूक्तानी हुनुपर्ने देखिएको रु. | ३११२.४६ |
| ५९. | गो.भौ.नं. ४६९, २०७६।१।१३ अभियन्त्र/सिभिल लिङ्क/पाथवे जे.भि. लाई २०७५।११।२८ को अन्तिम विल पेश निवेदनका आधारमा धनकुटा नगरापालिका एकीकृत शहरी विकास योजना तयारी कार्य सकिएकोले भूक्तानी माग गरेको आधारमा सम्पूर्ण कागजातहरु पूर्वाधार शाखामा प्राप्त भएको भनी गत वर्षको सम्झौता रकम रु. २४९५०४०।- गत वर्ष भूक्तानी भएको रु.९९८०१६।- घटाई रु.१४९७०२४।- यस वर्षको बजेटबाट भूक्तानी दिइएको देखियो । म.ले.प.फा.नं. १८ भूक्तानी बाँकीको विवरणमा प्रमाणित पनि नभएको र प्रतिवेदन बुझाउने सम्झौता अवधि समाप्त पछि पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण (३११७१) को बजेटबाट यो वर्ष भूक्तानी दिइएकोले सो भूक्तानी अनियमित देखिएको रु...... | १४९७०२४ |
| ६०. | गो.भौ.नं. ४५३, २०७६।१।१० स्वीकृत कार्यक्रममा जिरोप्वाइन्ट देखि चिरवेरे चौतार सडक स्तरोन्नतीका लागि रु. १५ लाख बजेट व्यवस्था भएकोमा जिरोप्वाइन्ट चिरविरे चौतार सडक तथा अन्य निर्माण उपभोक्ता समितिलाई २०७५।१०।२८ को कार्यदेशबाट उक्त योजनाको विस्तृत परियोजना प्रस्ताव (डि.पि.आर.) तयार पार्न १५००००।- समेत २०७६।१।३०। मा कार्य सक्ने गरी रु.१५०३६७६।५६ को सम्झौता गरी २०७६।१।९ मा कार्य सम्पन्नको विल पेश गरेको देखिन्छ । समितिलाई सुरुमा रु.४४५४००।- पेश्की भूक्तानी कट्टा गरी र. १०१८६२५।- भूक्तानी भएको छ । विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने काम गर्न उपभोक्तासँगको सम्झौतामा प्राविधिक ज्ञान भएका व्यक्ति रहे नरहेको खुलाएको छैन । सार्वजनिक खरिद नियामावली, २०६४ अनुसार सूची तयार गरी आर्थिक र प्राविधिक प्रस्ताव लिई योग्य परामर्शदाताबाट डि.पि.आर. तयार भए पछि मात्र उक्त योजनामा कार्य गर्न उपभोक्ता समितिलाई दिनु पर्नेमा डि.पि.आर. तयार गर्ने कार्य पनि दिई डाउनहिल कन्स्ट्रक्सन एण्ड डिजाइनर्स प्रा.लि. विर्तामोडको विल पेश गरी रु. १५०००।- भूक्तानी दिएको विल पेशी उपभोक्ताले भूक्तानी लिइएकोले उपभोक्ताले गर्न नसक्ने कार्यको अनियमित भूक्तानी भएको रु..... | १५००००.०० |
| ६१. | **हेभी मेशीनबाट कार्य गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) मा काम वा सेवाको प्रकृति परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सूचाना प्रकाशन गरी प्रस्ताव माग गर्ने र उपभोक्ता समितिले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी कार्य समुदायको सहभागितामा सम्पन्न हुने, सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत संभार समुदायले गर्नुपर्ने | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रावधान राखी सम्झौता गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा एक्साभेटर मेशिन प्रयोग गरेको छ । निर्माण कार्यमा प्रयोग भएका मेशिनको क्षमता, आयू र प्रति घ.मी. खन्न कति परिमाण इन्धन खपत हुने हो सो समेत नखुलाई एक्साभेटर उपलब्ध गराउने निर्माण व्यवसायी तथा कम्पनीलाई उपभोक्ता समितिले विल पेश गरेको आधारमा समितिलाई भुक्तानी गरेको छ । निर्माण कार्यको लागत अनुमानमा उपभोक्ता समितिको जनश्रमदान व्होर्ने उल्लेख गरेतापनि एक्साभेटरबाट कार्य गराएको कामको परिमाणबाट भुक्तानीमा जनश्रमदान व्यहोरिएको देखिएको छैन । | |
| ६१.१. | **मेशिनको भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ (५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ८८ (५) (क) मा मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा वापत भूक्तानी गर्ने रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले विभिन्न निर्माण व्यवसायीको ह्याभी मेशिन भाडामा लिई निर्माण कार्य गरी देहायका निर्माण व्यवसायीलाई ह्याभी मेसीन प्रयोग गरे बापत भाडा भूक्तानी दिँदा उक्त व्यक्ति मेशिन भाडामा दिने व्यवसाय गर्ने भन्ने नखुलाई १.५ प्रतिशत भाडा कर कट्टी गरी भूक्तानी दिएकोले ८.५ प्रतिशत भाडाकर कट्टा गर्न छुट भएकोले निर्माण व्यवसायी मेशिन भाडा दिने भन्ने नखुलेकोले खुलाई पेश हुनुपर्ने अन्यथा छुट भएको बाँकी कर असुल गर्नु पर्ने रु....... | ६१४६३४.०० |

| भौ.नं. र मिति | कार्य विवरण | निर्माण व्यवसायी | जम्मा भुक्तानी रकम | १.५ प्रतिशत कट्टा गरेको | छुट ८.५ प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १४४, २०७५/९/११ | वडा सचिव मन कुमारी लिम्बु | शुभकामना नि.से. धनकुटा | २५६९३४ | ३८५४ | २१८३९ |
| ४२३, २०७५/१२/२६ | घुमाउने चौतारा टेकुनाला मुलघाट ग्रामिण सडक | टेकुनाला निर्माण सेवा | १२३३२८२ | १८४९९ | १०४८२९ |
| ४२५, २०७५/१२/२६ | पाल्ले रुदुवा रातमाटे फलाटे देखि सडक निर्माण समिति | रवि निर्माण सेवा मोरङ्ग | ७९२४१३ | ११८८६ | ६७३५५ |
| ४३०, २०७५/१२/२७ | खाम्वेल्य कृषि सडक उ.स. | एवाई कन्स्ट्रक्सन धनकुटा | ३७६९९६ | ५६५५ | ३२०४५ |
| - | - | विरिम खेमसोङ्ग एण्ड गौरुङ्ग क. धनकुटा | ४८९२०६ | ७३३८ | ४१५८३ |
| ५३६, २०७६/२/७ | राजारानी वेसी ग्रामिण सडक उ.स. | रविन निर्माण सेवा मोरङ | २११३१०० | ३१६९७ | १७९६१४ |
| | वोक्रे वरवोट चिरविरे चौचारा सडक तथा अन्य निर्माण उ.स. | शुभकामना नि.से. | १६४७२६ | २४७१ | १४००२ |
| ४३५, २०७६/१/१० | जिरोप्वान्ट निरविरे चौतारा सडक तथा अन्य | शुभकामना नि.से. | ४९६५८ | ७४५ | ४२२१ |
| | | विरिम खेमसोङ्ग एण्ड गौरुङ्गा क. धनकुटा | ११६२२१ | १७४३ | ९८७९ |
| ५९५, २०७६/३/९ | सरस्वती टोलवस्ती संगठन | एवाई कन्स्ट्रक्नसन धनकुटा | ४१०९४ | ६१६ | ३४९३ |
| ६३०, २०७६/३/९ | राजारानी सिन्कीटार संखे सडक योजना | रविन नि.से. भोरङ | ५३१२५ | ७९७ | ४५१६ |
| ४७४, २०७६/३/१६ | घुमाउने चौतारा चुवावुङ्ग सुवा ग्रामीण सडक | एवाई कन्स्ट्रक्सन | ४६४५३६ | ६९६८ | ३९४८६ |
| | | विरिम खेमसोङ्ग एण्ड गौरुङ्ग कन्स्ट्रक्सन | ४८९२०६ | ७३३८ | ४१५८३ |
| १४४, २०७५/९/११ | वडा नं.८को सडक सफाई | के.एम. निर्माण सेवा | २३७५० | ३५६ | २०१९ |
| १४४, २०७५/९/११ | वडा नं.८को सडक सफाई | सुभकामना निमार्ण सेवा | २६७५०० | ४०१३ | २२७३८ |
| २१, २०७६/३/२१ | कुवापानी देउराली चियावगान उत्तरपानी सडक मर्मत | सुभकामना निमार्ण सेवा | २५९४१६ | ३८९१ | २२०५० |
| २४, २०७६/३/३१ | गणशे मन्दिर देखि सल्लेरी आधाभू विद्यालय जाने बाटो मर्मत | अस्मि एण्ड अमिसा कन्स्ट्रक्सन | ३९८२३ | ५९७ | ३३८५ |
| | | **जम्मा** | **७२३०९८६** | **१०८४६५** | **६१४६३४** |

| | | |
|---|---|---|
| ६२. | गो.भौ.नं. ६०८, २०७६।३।३ सामुदायिक रेडियो प्रसारक संघ नेपालसँग २०७६।२।७ मा सामुदायिक बहुलता र विविधता सम्वर्द्धन, सामुदायिक प्रसारणमा अदिवासी जनजाती राष्ट्रिय परामर्श कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न भनी रु.२०००००।- को सम्झौता गरेको र सो संस्थाले हिले कान्जीरोवा मकालु होटल प्रा.लि. को २०७६।२।२९ को विल संलग्न गरी २ दिनको हल चार्ज रु. ५००००।- र अन्य खाना, खाजा रु. १५००००।- खर्चको विल पेश पछि | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संस्थालाई भूक्तानी गरेको छ । सम्झौतामा वडा कर्यालयको प्रत्यक्ष समन्वय र सम्पर्कमा रहि कार्य गर्ने आवश्यक प्रमाण कागजात पेश भएपछि रकम उपलब्ध गराउने भनिएकोमा सहाभगीको उपस्थिति, कार्यक्रम सञ्चालन तालिम र कार्यक्रम सम्पन्न पश्चातको प्रतिवेदन वेगर भूक्तानी भएको छ । यस प्रकारको कार्यक्रममा नगर पालिकाबाट खर्च भूक्तानी गरेको उपलब्धिमूलक नदेखिएकोले स्पष्ट हुनुपर्ने देखिएको रु... | २००००.०० |
| ६३. | गो.भौ.नं. ६५०, २०७६।३।२३ धनकुटा नगरपालिका वडा नं. २ भिरगाउँको राजेन्द्र प्रसाद गुरागाईंलाई लागचे एग्रोफर्म बसन्तटार धनकुटाको २०७६।३।५ को विलबाट वोर क्रसवोकाहरु ५० प्रतिशतका रु. १२००००।- र क्रस वोर वोकाहरु ६५ प्रतिशत का १२५०००।- समेत २४५०००।- र ढुवानी भाडा रु. १३०००।- समेत रु. २५८०००।- को विल पेश गरेकोमा रु.२२५०००।- भूक्तानी दिएको छ । स्वीकृत वार्षिक कार्यक्रमको कृषि तथा पशु विकास वडास्तरीय कार्यक्रम नं. २२ मा साझेदारीमा उन्नत वोयर वोका खरिद तथा वितरण गर्न रु.२२५०००।- वजेट व्यवस्था भएकोमा पूरै भूक्तानी भएको छ । सम्बन्धित पशु पालक सहकारी संस्था मार्फत सम्झौता गरी के कस्तालाई पाल्न दिने हो निर्णय गराई लागत साझेदारी रकम खुलाई सदस्यले वेर्होने रकम कटाई भूक्तानी हुनु पर्नेमा व्यक्तिलाई रकम उपलब्ध गराईएको देखिन्छ । खरिद भएका वोका कति हो खुल्दैन तर ६ जनालाई वितरण गरको भरपाई सम्म छ । सम्बन्धित बुझ्नेको नागरिकता फोन नम्बर छैन । अतः यथार्थ खुलाई अनुगमन गरी वोयर वोका अवस्था खुल्ने प्रतिवेदन पेश हुनुपर्ने रु..... | २२५००.०० |
| ६४. | वडास्तरीय आर्थिक विकास कार्यक्रम अन्तर्गतको कृषि तथा पशु विकासमा चंचला देवी तरकारी उत्पादन समूह धनकुटा- १ लाई उन्नत जातको वोका वाख्रा विवरण गर्न २ लाख बजेट व्यवस्था गरेकेमा टप्पुर्फा हाउस उदयपुरबाट वोयर बोका एक र जमुनापारी क्रस पाठी रु. १६००००।- र ढुवानी माडा रु. ३००००।- समेत १९००००।- उक्त समूहलाई भूक्तानी दिइएको छ । उक्त समूहको २०७६।२।१० को मासिक वैठकको प्रस्ताव २ मा बोका पाल्न दिने भनेकोमा सम्बन्धित समूह सदस्यको भरपाईमा पाठी बुझेको मात्र भरपाई देखिन्छ । सोनु थप र गांगा चौहानलाई बोका तथा एउटा पाठी पाल्न दिने भनेकोमा गंगा चौहानलाई २०७६।३।१ मा बुझाएको भरपाईमा एउटा पाठी मात्र बुझेको छ । बोयर बोका खरिद विल छ तर बुझेको भरपाई नभएकोले को कस्को जिम्मा रहेको छ सोको अभिलेख पेश हुनुपर्ने रु..... | १०००००.०० |
| ६५. | गो.भौ.नं. ६४९, २०७६।३।२३ नगरपालिका वडा नं. १० मनकामना दुग्ध सहकारी निस्यान मेशिन खरिद अन्तर्गत वि.एन.वि. इलेक्ट्रोनिक्सको २०७६।२।८ को विल अनुसार रु. ३०५१००।- को ५०० लिटर मिल्क चिलिङ्ग भ्याट खरिद गरी विल पेश गरेकोमा उक्त मेशिन सहकारी संस्थाका व्यवस्थापक गोपाल बस्नेतले रकम बुझेको पाइयो । उक्त मेशिन जडान भै सञ्चालनमा रहेको र नगरपालिकाबाट खरिद भएको स्टीकर टाँस गरेको फोटो, अनुगमन गरीएको प्रतिवेदन देखिएन । उक्त मेशिनको अवस्था खुल्ने प्रतिवेदन पेश हुनपर्दछ । | |
| ६६. | गो.भौ.नं. ४७४, २०७६।१।१६ नगरपालिकाको वडा नं. ९ का २६ जना युवालाई ड्राइभिङ्ग तालिम प्रदान गरी पिरामिड टेक्नेकल इन्स्टीच्यूट प्रा.लि. इटहरीलाई २०७६।१।८ को विल बाट २५००००।- भूक्तानी भएको छ । यूवाहरुका लागि ड्राइभिङ्ग तालिम कार्यक्रममा बजेट व्यवस्था गरी कार्य गरेकोमा छनौटको विधि र प्रक्रिया एवं के कस्ता व्यक्तिलाई यस्तो तालिम दिने हो सो खुलाएको छैन । नगरपालिकाले आम नागरिकलाई सेवा प्राप्त हुने उत्पादनमूलक कार्यमा खर्च गर्नुपर्दछ । | |
| ६७. | गो.भौ.नं. ६८१, २०७६।३।२५ वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र ललितपुरसँगको मिति २०७६।३।१ को व्यक्तिगत निजी साथै सौर्य सिँचाई प्रणालीको आवेदन अनुसार न.पा. वडा नं. ८ को असार बहादुर राईलाई कुल लागतको ४० प्रतिशतले हुने रकम रु. १९९२००।- सोलार कन्स्ट्रक्सन एण्ड इनर्जी प्रा.लि. इटहरीको २०७६।३।१५ को विल नगरपलिका बजेटबाट भूक्तानी गरको देखियो । सम्झौता अनुसारको ४० प्रतिशत रकम निज किसानले तिर्न नसक्ने आर्थिक आवस्था कमजोर रहेको भनी वडा कार्यालयको सिफारिसको आधारमा सो भूक्तानी भएको छ । यसरी पूँजिगत समपुरक कोषबाट यस्तो व्यक्तिगत भूक्तानी गरको औचित्यपूर्ण छैन । | |
| ६८. | गो.भौ.नं. ४८४, २०७६।१।१७ तेस्रो मिडिया एजेन्सी धनकुटाको २०७५।१२।२७ को ३ नं. विजकबाट “धनकुटा जिल्लाको पर्यटकिय गन्त्यव्यहरु” नामक पुस्तक २० थान को मु.अ.कर समेत रु. ७५००।- का दरले रु. १५००००।- भूक्तानी गरको उक्त पुस्तक धनकुटाका सबै स्थानिय तहमा उपलब्ध गराउने भनी २०७५।१०।१३ मा रु. १५००००।- उपलब्ध गराउने उल्लेख गरी १४ जिल्ला तथा १३७ स्थानयि तहमा पुर्‍याउने गरी सम्झौता गरको छ । प्रदेश नं. १ का सबै स्थानीय तहमा बुझाउने गरी प्रत्येक जिला समन्वय समितिमा बुझाएको भरपाई संलग्न गरको छ । तर निजले अन्य स्थानीय तहबाट समेत पुस्तकको मूल्य लिइएको कुरा शहिदभूमि गाउँपालिकाबाट पनि लिइएको देखिन्छ । | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६९.</td><td>न्यूरोड वृद्ध पार्क निर्माणका लागि कार्यालयले कन्टिन्जेन्सी र मर्मत संभारकोष थप समेतको रु १३०२४४३।०५ को लागत अनुमान तयार गरेको छ । कुल लागत अनुमानमा रु १३००००।०० उपभोक्ताको लागत सहभागिता हुने र रु २४४३।०५ उपभोक्ता जनसहभागिता भई कार्यालयले रु ११७००००।०० व्यहोर्ने उल्लेख छ । नगरपालिका र उक्त निर्माण कार्यको उपभोक्ता समिति बिच रु १४३८८३१।२३ कुल लागत अनुमान भई कार्यालयले रु १३०००००।०० व्यहोर्ने उल्लेख गरेको छ । कामको कुल लागत अनुमान भन्दा वढीको लागत अनुमान देखाई संभ्फौता गरेको तथा भुक्तानीको क्रममा १३९३१४०।१५ को काम भएको देखाई जनसहभागिताको अंश कटाई उपभोक्ता समितिलाई रु १२४०००८।०० भुक्तानी गरेको तथा रु ५९९९१।६८ कन्टिन्जेन्सी र मर्मत सम्भार कोष कट्टि गरेको देखिन्छ । शुरु लागत अनुमानमा उल्लेखित रकम भन्दा वढीको संभ्फौता गरी वढी खर्च देखाएको अनियमति देखिएको रु ......</td><td>१२९९९१.६८</td></tr>
<tr><td>७०.</td><td>जस्तापाता खरिदः नगरपालिका क्षेत्र भित्रको अति गरिव लक्षित आवस सहयोग साझेदारी कार्यक्रम अन्तर्गत वडा नं. ८ मा ४० प्रतिशत र अन्य वडामा ६० प्रतिशतलाई जस्तापाता वितरण गर्न नगरपालिका आवास सहयोग साझेदारी कार्यक्रमको लागि रु. ५००००००।- बजेट स्वीकृत भई १०० घर परिवारलाई ७४४८ पाता (१४७४९.६२ व.फि.) को कूल लागत इष्टिमेट रु. १३२३३१०८।-१५ स्वीकृत भई वोलपत्र मूल्याङ्कन समितिको मिति २०७६।३।१२ को सिफारिसमा शशिधर निर्माण सेवा एण्ड कट्टेल सप्लायर्ससँग २०७६ श्रावण मसान्त सम्म कार्य सम्पन्न गर्नेगरी ढुवानी सहित रु. ११४४५६९८।८० (मु.अ.कर वाहेक) मिति २०७६।४। मसान्तमा सम्पन्न गर्नेगरी मिति २०७६।३।२९ मा सम्झौता भएको छ । नगरपालिकाको स्वीकृत वार्षिक बजेट भन्दा रु. ६४४५६९८।- (मु.अ.कर बाहेक) बढी रकमको सम्झौता गरी रु.२२८९०००।- सप्लायर्सले पेश्की मात्र लगेको देखिन्छ । नगरपालिकाले पूर्वाधार, उर्जा, कृषि तथा पशु, वातावरण, वन, महिला विकास, यूवा, दिक्षा, स्वास्थ्य विकास कार्यक्रममा प्राथमिकता दिनुपर्नेमा नगर क्षेत्रपभित्र कुस तथा खरले छाएको २०१३ घरधुरी भएकोमा १०० जना घरधुरी (४.९७ प्रतिशत) लाई जस्तापाता वितरण गर्ने वितरणमुखी कार्यक्रम स्वीकृत गरेकोमा लगत इष्टिमेटमा जनसहभागिताको अंश समावेश गरेको पाइएन । वितरणमूखी कार्यक्रम भन्दा पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१.</td><td>साना सिँचाईः गो.भौ.नं. ५९१, २०७६।३।२ नेपाल सरकार सशर्त अनुदान तर्फको साना सिँचाई निर्माण मर्मत सम्भार (प्लाष्टिक पोखरी निर्माण) कार्यको लागि रु. ५४००००।- विनियोजन भएकोमा प्रा.सं कर्णध्वज भुजेललाई रु. ४२००००।- पेश्की फछ्र्यौट सहित रु.४८५०००।- खर्च लेखेकोमा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>७१.१.</td><td>पूँजिगत खर्च खातावाट सम्झौता, कृषक समुह छनौंट, प्लाष्टिक पोखरी निर्माण सम्बन्ध तथा अनुगमन प्रतिवेदन वेगर पशु धन तथा वागवानी विकासबाट रु. ४२००००।- सडक तथा पूल निर्माणबाट रु. ६५०००।- खर्च शीर्षक फरक पारी खर्च लेखेको अनियमित रु....</td><td>४८५०००.००</td></tr>
<tr><td>७१.२.</td><td>सुप्रिम प्लाष्टिक कन्सर्न कुलेश्वरलाई मूल्य अभिवृद्धि कर सहित रु. ५२४९९९।९७ भूक्तानी दिँदा आयकर ऐन, २०५८ दफा ८९ वमोजिम १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्नेमा अग्रीम कर कट्टी नगरेको रु....</td><td>६९६९</td></tr>
<tr><td>७१.३.</td><td>१५ वटा समूहलाई प्लाष्टिक विवरण गरको विवरण रहेको प्लाष्टिक पोखरी वितरण समारोहमा १५० जनालाई उपस्थितिको प्रमाण वेगर खाजा वापत रु. १५०००।- खर्च लेख्ने आधार पेश गर्नुपर्ने रु. १५०००।-</td><td></td></tr>
<tr><td>७२.</td><td>गो.भौ.नं. २६६, २०७५।१०।२९ कृषि विकास कार्यक्रमबाट धनकुटा नगरपालिका वडा नं. ८ मा १२० घरपरिवारलाई ड्रागनफलको व्यवसायीक खेती तालिम तथा विरुवा वितरण गर्ने मिति २०७५।९।१८ मा सम्पन्न गर्ने गरी मिति २०७५।६।१८ मा रु. ४५००००।- को सम्झौता भई रु. ४४९९७३।- खर्च भएकोमा कृषि अभियन्ता जीवन प्रसाद राईले सम्झौतामा उल्लेख नभएका निम्नानुसारको सुविधा लिएको आधार पेश गर्नुपर्ने रु...</td><td>१६५०००.००</td></tr>
<tr><td></td><td><table>
<tr><th>विवरण</th><th>बुझेको रकम</th></tr>
<tr><td>परामर्श</td><td>१५००००</td></tr>
<tr><td>यातायात</td><td>१००००</td></tr>
<tr><td>सञ्चार</td><td>५०००</td></tr>
<tr><td>जम्मा</td><td>१६५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३.</td><td>अस्पताल सुदृढीकरणः गो.भौ.नं. १३२९, २०७६।३।३१ अस्पताल सुदृढीकरण कार्यक्रम वार्षिक बजेट रु.३२०००००।- मध्ये क्लिनिकल सेवा विस्तार/औजार उपकरण खरिद वापत रु.७२००००।- को कार्यक्रम स्वीकृत भएकोमा विभिन्न औजार उपकरण खरिद वापत रु१९६३११५।- खर्च लेखेकोले स्वीकृत वार्षिक कार्यक्रम भन्दा रु.१२४३११५।- बढी खर्च लेखेको अनियमित रु......</td><td>१२४३११५.००</td></tr>
<tr><td>७४.</td><td>सक्कल विल नभएकोः गो.भौ.नं. १२८१ मिति २०७६।३।२९ जनप्रिया मेडिसिन सप्लायर्स सूर्यविनायकको विजक नं. १३० मिति २०७६।३।२० को फोटोकपी विलबाट जिल्ला धनकुटा अस्पतालले औषधि खरिद रु. १४९८५०।- भुक्तानी दिएकोले सक्कल विल पेश गर्नुपर्ने रु....</td><td>१४९८५०.००</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७५. | **दाखिला गर्न बाँकी:** नगदी रसिदबाट निम्नानुसार आम्दानी भएकोमा संचितकोष खाता (मूल खाता) मा आम्दानी बाधेको नपाइएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु…… | २७३१०.०० |

| वडा नं. | कूल आम्दानी | दाखिला | घटी दाखिला |
|---|---|---|---|
| ७ | ४९३०१०.०० | ४६८८२०.०० | २४१९०.०० |
| ८ | १७७६७८.०० | १७४७४८.०० | २९३०.० |
| १० | २०७४६०.०० | २०७२७०.०० | १९०.०० |
| **जम्मा** | **८७८१४८.००** | **८५०८३८.००** | **२७३१०.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७६. | **वक्यौता असूली:** निम्नानुसार ७ व्यक्ति तथा संस्थाले भाडा वापत रु. २३१०००।- बुझाउन बाँकी देखिएकोले सम्झौता अनुसार सुद सहित सरकारी बाँकी सरह असूल हुनुपर्ने रु…….. | २३१०००.०० |

| सि.नं | ठेक्काको नाम | प्रयोगकर्ताको नाम | ठेक्का रकम | बुझाएको | दाखिला बाँकी |
|---|---|---|---|---|---|
| १. | मुख्य व्यापारी भवन ध.न.पा वसपार्क | भेषराज कट्टेल | ६००००.०० | ४५०००.०० | १५०००.०० |
| २. | मुख्य व्यापारी भवन ध.न.पा वसपार्क | भेषराज कट्टेल | ४८००००.०० | ३६००००.०० | १२००००.०० |
| ३. | रेष्टुरेन्ट तथा पसल कवल घर ध.न.पा. ७ | संयुक्त बस व्यवसायी संघ | ४२०००.०० | ०.०० | ४२०००.०० |
| ४. | रेष्टुरेन्ट तथा पसल कवल घर ध.न.पा. ७ | संयुक्त बस व्यवसायी संघ | ४२०००.०० | ३६०००.०० | ६०००.०० |
| ५. | वसपार्कको खाली जग्गा कि.नं. ३० | सरोज राई | ७२०००.०० | ४८०००.०० | २४०००.०० |
| ६. | रेष्टुरेन्ट तथा पसल कवल घर ध.न.पा. ७ | धनकुटा व्यवसाय प्रा.लि. | २४०००.०० | १२०००.०० | १२०००.०० |
| ७. | व्यवसायिक भवन ध.न.पा. ७ पिपलबोट | कुलमाया चौधरी | ७२०००.०० | ६००००.०० | १२०००.०० |
| | | **जम्मा** | **७९२०००.** | **५६१०००.** | **२३१०००.** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७७. | **असूल बाँकी:** आर्थिक वर्ष २०७३।०७४ देखि २०७५।०७६ सम्म विज्ञापन कर संकलन गर्ने आकृति एड्भटाइजिङ्ग विराटनगरसँग मिति २०७६ साल आषाढ सम्मको लागि रु.२११०००।- को वार्षिक २० प्रतिशतले बृद्धि हुनेगरी मिति २०७३।६।२ को सम्झौता शर्त नं. १ मा दोस्रो पक्षले कबोल गरको विज्ञापन कर वापतको एकमुष्ठ रकम रु. २११०००।- सम्झौतासँगै बुझाउनु पर्ने उल्लेख गरेकोमा सम्झौता गर्दा रकम दाखिला गरेको सक्कल बैंक भौचर वेगर पहिलो पक्ष नगरपालिकाका पदाधिकारी तथा दोस्रो पक्ष देवराज रिप्पाल बीच मिति २०७३।६।२ मा सम्झौता भई कार्यान्वयन भएको छ । दाखिला भौचर साथ सम्झौता गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धितसँग सम्झौता रु. २११०००।- तथा प्रत्येक वर्ष २० प्रतिशत वृद्धि थप रकम सहित असुल गर्नुपर्दछ । अन्यथा सम्झौता गर्ने पदाधिकारीबाट सम्झौताको रकम असुल गरी संचितकोष खाता दाखिला गर्नुपर्ने रु….. | ३०३८४०.०० |
| | **शिक्षा तर्फ:** | |
| ७८. | **शिक्षकको अभिलेख :** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत ,शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमाबलीमा व्यवस्था भए बमोजिमको अभिलेख राख्नु पर्दछ । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७५।०७६ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा उपरोक्त अभिलेखहरु पेश नभएकोले कार्यालयबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको सम्वन्धमा यथार्थता विश्लेषण गर्न सकिएन । | |
| ७८.१. | विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ को कार्यक्रम कार्यान्वयन मार्गदर्शनको क्रम संख्या २१ मा भौतिक सुविधा विस्तार कार्यक्रमको लागि विद्यालयलाई दिइने रकम निर्माण कार्यमा मात्र खर्च गर्नुपर्ने भएकोले छुट्याइएको रकम कन्टेन्जेन्सी वापत कटाई निकाशा दिन नहुने व्यवस्था रहेको छ । भौतिक निर्माण र नमूना विद्यालय सुधार योजना अन्तर्गत निम्नानुसार रकम निकाशा दिँदा मर्मत सम्भार कोष र कन्टेन्जेन्सी रकम कट्टी गरी निकाशा दिएको अनियमित रु….. | ५८२७५०.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| कार्यक्रमको नाम | विद्यालयको नाम | शर्सत कार्यक्रम बजेट | लगत सहभागिता नगद | कन्टेन्जेन्सी कट्टी | मर्मत सम्भार | जम्मा |
|---|---|---|---|---|---|---|
| सौचालय निर्माण | जनकल्याण मा.वि. | ७००००० | ७०००० | १७५०० | १४००० | ३१५०० |
| सौचालय निर्माण | मार्गेश्वरी मा.वि. | ७००००० | ७०००० | १७५०० | १४००० | ३१५०० |
| विद्यालय ४ कोठा भवन | त्रिवेणी मा.वि. | १८००००० | ० | ४५००० | ३६००० | ८१००० |
| नमुना विद्यायल सुधार भौतिक निर्माण | गोकुण्डेशवर वालमन्दिर उ.मा.वि. | १५०००००० | ० | २४३७५० | १९५००० | ४३८७५० |
| | | | **जम्मा** | **३२३७५०** | **२५९०००** | **५८२७५०** |

७८.२. कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ खण्ड २ मा मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धि एकिन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी सोही अनुसार दरबन्दीमा शिक्षक अनुदान कोटा ( राहत) र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयबाट प्राप्त माग फारक रुजु गरी निकाशा गर्ने, शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनका आधारमा निकाशा दिने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनु:

| क्र.स. | नाम | विद्यालय संख्या | दरबन्दी तथा पदपूर्ति | खर्च |
|---|---|---|---|---|
| १. | माध्यामिक विद्यालय | ८ | ६६ | ७५१७३८६७ |
| २. | आधारभूत तथा प्रा.वि तह | ३१ | २५४ | ५४२७६६६६ |
| | **जम्मा** | **३९** | **३२०** | **१२९४५०५३३** |

७८.३. आधारभूत तह कक्षा १-५ र कक्षा ६-८, माध्यामिक तह कक्षा ९-१०, माध्यामिक तह ११-१२  तथा प्राविधिक धार ९-१० तथा ११-१२ का शिक्षकहरुको तलब भक्ता निकाशा खाता राखेको पाइएन ।

७८.४. यस वर्ष ३२० शिक्षकको तलब भत्ता वापत रु. १२९४५०५३३।- खर्च लेखेकोमा विद्यालय शिक्षक किताब खानाबाट मिति २०७५।५।१४ मा १९५ जनाको तलबी प्रतिवेदन पास भएकोमा राहत शिक्षक ५२ जना अस्थायी शिक्षकको अभिलेख नराखेकोले स्थायी पदपूर्ति भएका के कति शिक्षकहरुको तलबी प्रतिवेदन पारति गर्न बाँकी रहेको मूल्याङ्कन गर्न नसकिएकाले शिक्षक तलब भत्तामा खर्च भएको रु.१२९४५०५३३।- एकिन गर्न सकिएन । अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

७८.५. **निशुल्क पाठ्यपुस्तक:** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ मा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । यस वर्ष १ कक्षा देखि १२ कक्षा सम्मका ४९५५ जना विद्यार्थीहरुलाई नि:शुल्क पाठ्यपुस्तक वापत रु.१८६४८०८।- खर्च लेखेकोमा स्थानीय तहबाट अनुगमन गरेको पाइएन । अनुगमन नभएकोले सम्बन्धित विद्यार्थीले पाठ्यपुस्तकको उपयोग सम्बन्धमा एकिन गर्न नसकिने भएकोले अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था हुनुपर्दछ ।

७८.६. **बढी निकाशा:** गो.भौ.नं. ७३८ मिति २०७५।११।१५ डिल्ली प्रा.वि. भेदगाउँमा फ्लास रिर्पोट अनुसार प्रति छात्रा रु. ४००।- का दरले १७ जना छात्राको रु. ६८००।-छात्रवृत्ति निकाशा दिनु पर्नेमा २३ जनाको रु.९२००।- निकाशा दिएकोले फ्लास रिर्पोट भन्दा बढी रु. २४००।- असुल हुनुपर्ने रु.. — बेरुजू रकम: २४००.००

**स्वास्थ्य तर्फ -**

७९. **निशुल्क औषधी खरिद र वितरण -** नगरपालिकाले यस वर्ष सशर्त अनुदानबाट रु.१७१८६६०।- मुल्य बराबरका औषधीहरु खरिद गरि ५ वटा स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको विवरण प्राप्त भएको छ । बिभिन्न ५२ प्रकारका औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि नगरपालिकाले पर्याप्त औषधीहरु खरिद गरेको देखिदैन भने खरिद भएका औषधीहरुको माग अनुसार उपलब्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको,  कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन ।

**चालुतर्फ:**

८०. **तलवि प्रतिवेदन:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन  सम्वन्धीत जिल्लाको कोष तथा लेखानियन्त्रक कार्यालयबाट  पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा७ ख २ अनुसार तलवि प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारी वाट असुल गराउनु पर्ने प्रावधान छ । साथै प्रदेश १ प्रदेश सरकारले जारी गरेको सार्वजनिक

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को दफा २० (२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेख्न पाइने छैन । तलबी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था छ । यस निर्देशनालयले तलबी प्रतिवेदन पारित वेगरै रु. २१२४००६६।३० खर्च लेखेको छ । नियमानुसार प्रतिवेदन पास नगराई खर्च लेख्ने पदाधिकारी जिम्मेवारी नभएको अवस्थामा देखिन्छ । अत: तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८१.</td><td>जिल्ला अस्पतालको लागि तालुक निकायबाट शिफारिश भई आएका छात्रवृत्ति अन्तरगतका डाक्टरहरुको करार संझौता यस कार्यालयले गर्नुपर्नेमा जिल्ला स्वास्थ्यले करार संझौता गरेको तथा यस कार्यालयबाट पारिश्रमिक तथा सेवा सुविधा वापतको रकम भुक्तानी भएको छ । नगरपालिका मातहत रहने कर्मचारी समेत तलवि प्रतिवेदन पारित गरेको पाइएन । मातहतका निकायका कर्मचारीहरुको तलब भत्ता वितरण गर्दा प्रमाणित हाजिरी विवरण प्राप्त नगरेको तथा निजहरुका लागि विनियोजित बजेट कार्यक्रम खर्च शिर्षक मार्फत खर्च गरेकोले वार्षिक तलब भत्ता वापतको खर्च भुक्तानी भएको कर्मचारीको ग्रेड संख्या लगायतका विषय एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>८२.</td><td>भुक्तानी दिन बाँकी : आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ४०(७) मा चालु वर्षको बजेटले नखाम्ने गरी वढी खर्च हुने गरी दायित्व सृजना गर्न हुँदैन । तर विशेष कारण एवं परिस्थितिवश उपनियम (८) मा उल्लिखित खर्च शिर्षकहरुमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा विल भर्पाइबमोजिमको रकम आगामी वर्षमा भूक्तानी दिनुपर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन वाँकीको कच्चावारीमा चढाई श्रावण पन्ध्र गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्नेछ र त्यस्तो भूक्तानी दिन वाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक कार्यालय, सम्वन्धित मन्त्रालय, को.ले.नि.का तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको शिर्षकबाट तोकिएको समयावधिभित्र प्रमाणि नगरेको, तालुक निकाय, सम्वन्धित मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा आर्थिक विवरण साथ पेश नगरेको अवस्थामा समेत गत वर्षको भुक्तानी दिन वाँकी भनी विगतको दायित्व भूक्तानी गरेको अनियमति देखिएको रु...</td><td>१६३८९००४</td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.न</th><th>बजेट शिर्षक</th><th>विगतको दायित्व भुक्तानी रु.</th></tr>
<tr><td>१.</td><td>चालु खर्च</td><td>६४६३९७९.००</td></tr>
<tr><td>२.</td><td>चालु खर्च (शिक्षा)</td><td>९६६८०.००</td></tr>
<tr><td>३.</td><td>सडक बोर्ड</td><td>४३०७०६७.००</td></tr>
<tr><td>४.</td><td>पूँजिगत बजेटबाट चालु खर्च तर्फ</td><td>५५२१२७८.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६३८९००४.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२.१.</td><td>यसवर्ष नगरपालिकाले पूँजिगत खर्च तर्फ गत आर्थिक वर्षको भूक्तानी दिन बाँकी भनी विभिन्न ४५ वटा दायित्व वापत रु. १३१६९९२८।- आ.ले.प.ले प्रमाणित गरी राखेको देखियो । यसरी भूक्तानी दिन बाँकीको विवरण दोहोरो पर्ने गरी अलग अलग र घटी बढीका विभिन्न तीन थरी विवरण तयार गरेको देखियो । प्रमाणित विवरणमा मिति उल्लेख छैन । यसरी प्रमाणित भएको भूक्तानी दिन बाँकी विवरण (म.ले.फा.नं.१८) अन्तिम लेखापरीक्षण हुँदा अर्थिक विवरण साथ पेश गरेको पनि छैन । भूक्तानी गर्दा पेश भएका विलहरुमा चालु वर्षको मिति उल्लेख भएको देखिन्छ भने विवरणमा उल्लेख गरेको रकम भन्दा निम्नानुसार घटी र बढी भूक्तानी भएको देखिन्छ । अत: प्रमाणित गरिएको विवरण यथार्थ र सही हो एकिन हुन सकिएन ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>भूक्तानी बाँकीको नाम</th><th>बाँकी उल्लेख गरको</th><th>भूक्तानी दिएको</th></tr>
<tr><td>११, २०७५/५/२७</td><td>खाम्वेला इलामे कृषि सडक उ.स.</td><td>५३१००.००</td><td>१४००००.००</td></tr>
<tr><td>२०, २०७५/५/२९</td><td>वडा कार्यालय कम्पाउन्ड घेराबारा</td><td>२०८६०२.००</td><td>३१०६०२.००</td></tr>
<tr><td>२१, २०७५/२९</td><td>जलकन्या आइतबारे कृषि सडक उ.स.</td><td>३३५०००.००</td><td>५०००००.००</td></tr>
<tr><td>६, २०७५/५/२५</td><td>शितलपाटी कृषि भवन नि.उ.स.</td><td>३०१५००.००</td><td>४५००००.००</td></tr>
<tr><td>६४, २०७५/६/२६</td><td>सुदिक्षा थुलुङ्ग क. (चुली वन भ्यूटावर</td><td>३११२४१२.००</td><td>१५२८५२९.००</td></tr>
<tr><td>२८, २०७५/६/५</td><td>राधाकृष्ण भवन कृतन समूह</td><td>३६८४५०.००</td><td>५५१९३०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८३.</td><td>पदाधिकारीको सुविधा: नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को व्यवस्था अनुसार अनुसुची १ बमोजिमको निम्नानुसारको सुविधा वापत यस वर्ष रु ९१०३४६०।०० भुक्तानी भएको छ । सोही ऐनको दफा ३ अनुसार अनुसुची १ अनुसारको सुविधालाई अधिकतम कायम गरी निर्धारण गरेबमोजिम</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>हुने व्यवस्था भएकोमा कार्यपालिकाको निर्णय वेगर लेखेको रु.......</td><td>९१०३४६०.</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.न</th><th>विवरण</th><th>अध्यक्ष</th><th>उपाध्यक्ष</th><th>वडा अध्यक्ष (१० जना)</th><th>कार्यपालिका सदस्य (८ जना)</th><th>वडा सदस्य (३३ जना)</th></tr>
<tr><td>१.</td><td>संचार सुविधा (मासिक दरमा)</td><td>२५००</td><td>२५००</td><td>२०००</td><td>१०००</td><td>१०००</td></tr>
<tr><td>२.</td><td>खाजा भत्ता मासिक</td><td>४०००</td><td>३०००</td><td>३०००</td><td>०</td><td>०</td></tr>
<tr><td>३.</td><td>पुस्तक पत्रपत्रिका (मासिक)</td><td>३०००</td><td>२५००</td><td>२०००</td><td>१५००</td><td>१०००</td></tr>
<tr><td>४.</td><td>अनुगमन भत्ता (मासिक)</td><td>७५००</td><td>६०००</td><td>२०००</td><td>०</td><td>१५००</td></tr>
<tr><td>५.</td><td>खानेपानी विजुली महशुल (मासिक)</td><td>२०००</td><td>२०००</td><td>१०००</td><td>१०००</td><td>०</td></tr>
<tr><td>६.</td><td>सरसफाई मर्मत मासिक</td><td>२०००</td><td>२०००</td><td>१०००</td><td>१०००</td><td>०</td></tr>
<tr><td>७.</td><td>अतिथि सत्कार मासिक</td><td>२०००</td><td>२०००</td><td>१०००</td><td>०</td><td>०</td></tr>
<tr><td>८.</td><td>यातायात खर्च मासिक</td><td>०</td><td>०</td><td>२०००</td><td>२०००</td><td>१०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३०००</td><td>२००००</td><td>१४०००</td><td>६५००</td><td>४५००</td></tr>
<tr><td></td><td>मासिक जम्मा</td><td>२३०००</td><td>२००००</td><td>१४००००</td><td>५२०००</td><td>१४८५००</td></tr>
</table>
ऐन २०७६।३।५ मा संशोधन भई अनुसूची १ वमोजिमको मासिक अनुमन भत्ता भूक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयारगरी पेश गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन ।</td><td></td></tr>
<tr><td>८४.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(२) अनुसार सम्वन्धित बजेटभित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृति गराई खर्च गर्नुपर्नेमा भौ.न १५१।०७५।६।१८ मर्मतको लागि कार्यालयको कार्यादेश र सम्वन्धित प्राविधिकको सिफारिश वेगर ३ वर्षे वारेण्टि अवधि रहेको सोलार वत्तिको व्याट्रि मर्मत गरेको भनि मष्टरोलका आधारमा अल्ट्रा कलश पावरलाई भूक्तानी दिएको रु ५०३२।०० र भौ.न १५६।०७५।६।१९ मा श्रावण देखि असोज मसान्त सम्म सडक वत्ति मर्मत भनि मर्मतको अभिलेख वेगर भूक्तानी दिएको रु ४४४००।०० समेत रु.४९४३२।०० अनियमति देखिएको रु</td><td>४९४३२.००</td></tr>
<tr><td>८५.</td><td>भौ.न ६० मिति २०७५।५।२९ कार्यालयले निर्माण गर्ने सडकको डिपिआर तयार गर्न छनौट भएको रियलपाथ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि का कर्मचारीको यातायात खर्च यस कार्यालयका कर्मचारी डम्बर बहादुर रोगुलाई भुक्तान गरेको छ । छनौट भएको कन्सल्टेन्सी संगको संझौतामा कर्मचारीको आतेजाते भाडा कार्यालयले व्यहोर्ने उल्लेख भएको र भुक्तानी नभएको  विवरण समेत संलग्न देखिदैन ।  तसर्थ गत वर्षको प्लेन टिकटको आधारमा, वोर्डिंग पास वेगर सम्बन्धित फर्म मार्फत भुक्तानी नगरि कर्मचारी मार्फत भूक्तानी दिनुपर्ने आधार, कारण र प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु</td><td>३०८५०.००</td></tr>
<tr><td>८६.</td><td>प्रहरी तालिम : कार्यालयले छनोट गरेका ११ प्रहरीलाई आधारभूत तालिम २०७५।५।६ देखि ४५ दिने तालिम सञ्चालनको प्रस्ताव कार्यपालिकाले स्वीकृत गरेको छ । स्वीकृत प्रस्तावका आधारमा डम्बर रोजुलाई रु ४ लाख पेश्की उपलव्ध गराएकोमा पेश्की फछ्र्यौट गरी रु ३३ हजार भुक्तानी दिएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:</td><td></td></tr>
<tr><td>८६.१.</td><td>स्वीकृत प्रस्तावमा प्रयोगात्मक र सैद्धान्तिक तालिम सञ्चालन हुने स्थान, तालिम कार्यतालिका पेश गरेको छैन । स्वीकृत कार्यतालिका र स्रोत व्यक्तिको नियूक्ति र कक्षा लिएको देखिने प्रमाण वेगरै रु १४६५००।०० प्रशिक्षक भत्ता, प्रयोगात्मक तालिम स्थान नतोकेको अवस्थामा शारिरिक दौडका लागि बजार व्यवस्थापन गर्नुपर्ने आधार वेगर गाडी भाडा रु २१०००।००, दैनिक उपस्थिति हाजिरी वेगर खाजा खाजा खर्च रु ७७४२५।००, लागत अनुमान र स्पेशिफिकेशन तयार वेगरै पटक पटक खरिद गरि विभिन्न फर्मलाई पेश्की मार्फत भूक्तानी भएको र खरिद भएका पोसाक प्रहरिले बुझेको भरपाई वेगरको खर्च रु  १५६०००।००र अन्य विविध खर्च समेत रु ४०३०००।०० खर्च गरेको अनियमित देखिएको रु .....</td><td>४०३०००.००</td></tr>
<tr><td>८६.२.</td><td>अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका,२०७३ मा कार्यालयले सञ्चालन गरेको तालिमका सोही कार्यालयका प्रशिक्षक भए कक्षा लिए बापतको भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख भएकोमा तालिम संयोजकले नै प्रति कक्षा रु ३००० को दरले कक्षा लिए बापतको भुक्तानी लिएको रु १५०००।०० र संयोजक भत्ता रु १००० हुनुपर्नेमा रु १५०००।०० बुझेको भरपाईको आधारमा पेश्की फछ्र्यौट गरेकोले निर्देशिकामा तोकिएको भन्दा वढी भुक्तानी लिएको असुल गर्नुपर्ने देखिएको रु....</td><td>३००००.००</td></tr>
<tr><td>८७.</td><td>भ्रमण खर्चः गाउँ तथा नगर सभाका सदस्यहरुको  सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा मुल्यांकन र भ्रमण</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्चमा रु २७३५०९५।०० खर्च गरेकोमा भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल उल्लेख भएको तथा फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन पेश भएको छैन । ऐनको व्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ । | |
| ८८. | गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ मा गाउँ तथा नगरपालिकाको कामको सिलसिलामा आफ्नो गाउँ तथा नगरपालिकाको क्षेत्र वाहिर गई बास बस्नु परेमा भ्रमण खर्च पाउने उल्लेख छ । यस नगरपालिकाका नगर सदस्य श्री जनहस्वरी राई र कल्पना राई मानव अधिकारको लागि महिला, एकल महिला समुह जिल्ला कार्य समितिको जनकपुर लुम्बिनी भ्रमण समुहमा रही भ्रमणमा रहेको अवधिमा कार्यालयबाट वुटवल र लुम्बिनीको भ्रमण आदेश स्वीकृत गराई भ्रमण भत्ता रु २३७००।०० बुझेको पाइयो । निजहरुको भ्रमणको सम्पुर्ण खर्च सोही समुहले व्यहोरेको र अन्य संस्था मार्फत भएको भ्रमणको अवधिलाई कार्यालयको काममा भएको भ्रमण भनि दिइएको भुक्तानी अनियमित देखिएको रु | २३७००.०० |
| ८९. | **वितरणमुखी खर्च**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) बमोजिम गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ ।सोहि दफाको उपदफा ३ मा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था छ । ऐनमा भएको व्यवस्था अनुसार प्रपोजल, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न कर्मचारी पेश्की मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई अनुदान दिने कार्य स्रोत साधनको समुचित उपयोग नभएकोले तपशिल बमोजिमको रकम नियमसम्मत नदेखिएकोले यस्ता प्रकारका कार्यमा हुने खर्च नियन्त्रण गर्नुपर्दछ । | |

| सि.न | भौ.न र मिति | अनुदान प्रदान संस्था/व्यक्ति | काम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | ६६/०७५/६/१ | धनकुटा महिला बचत तथा ऋण सहकारी संस्था | तिज गित प्रतियोगिता | ५००००.०० |
| २. | ०६७/०७५/६/१ | खुरिला नागरिक सचेतना केन्द्र | केन्द्रको अतिथिहरुको खर्चको | ५०४०.०० |
| ३. | ८१/०७५/६/४ | वौद्धिक विकास समिति धनकुटा | तिज गित प्रतियोगिता | २००००.०० |
| ४. | | कारागार कार्यालय | कैदीलाई खसी प्रदान गर्न | २००००.०० |
| ५. | २९१/०७५/७/१८ | मानव अधिकारको लागि महिला एकल महिला समुह जिल्ला कार्य समिति | लुम्बनी भ्रमण | ५००००.०० |
| ६. | २९२/०७५/०७/१८ | ओक्मालुंग यूवा क्लब | सामान खरिद गर्न | २५०००.०० |
| ७. | २८४/०७५/७/१८ | नगरस्तरीय वाल क्लब सञ्जाल धनकुटा | | २००००.०० |
| ८. | २८७/०७५/७/१८ | मार्गेश्वर टोलवस्ती संगठन | खेलकुद सामाग्री | ११३००.०० |
| ९. | २९३/०७५/७/१८ | वौद्धिक विकास समिति धनकुटा | तिज गित प्रतियोगिता | १२०००.०० |
| १०. | ३०५/०७५/७/१९ | सृजनसिल सांस्कृतिक समुह धनकुटा | सांस्कृतिक कार्यक्रम | १०००००.०० |
| ११. | ३११/०७५/७/१९ | मार्गादेवी यूवा क्लब | मार्गादेवी कप | ६७९६०.०० |
| १२. | ३१२/०७५/७/१९ | मधुमेही समाज नेपाल | मुटु दिवस मनाउन | २५०००.०० |
| १३. | ३२२/०७५/८/६ | सन्देश राई | आठपहरीया जातिको पर्व मनाउन जान गाडी भाडा | ३१०००.०० |
| १४. | ३२५/०७५/८/६ | भाषा मा.वि | विद्यार्थिलाई पोसाक सिलाइ खर्च | २५७००.०० |
| १५. | ३८९/०७५/८/२४ | निशान देवी व्याटमिन्टन क्लब | व्याटमिन्टन प्रतियोगिता | १२५०००.०० |
| १६. | ३९०/०७५/८/२४ | किरात आठपहरीया समाज नेपाल | फुटवल प्रतियोगिता आयोजना | ४९५००.०० |
| १७. | ३३३/०७५/८/६ | ओएसिस इन्टरटेन्मेन्ट | फेशन सो आयोजना | १००००.०० |
| १८. | ३३४/०७५/८/६ | हिले फुटबल क्लब धनकुटा | धनकुटा गोल्डकप ओजना | ५००००.०० |
| १९. | ३३७/०७५/८/६ | मातृभुमि महिला समाज धनकुटा | तिज विशेष कार्यक्रम | ५००००.०० |
| २०. | ३६९/०७५/८/१७ | जेष्ठ नागरिक जिल्ला संघ | अल्जाइमर्स/जेष्ठ नागरीक दिवस | १९०००.०० |
| २१. | ३५५/०७५/८/१२ | जमुना दाहाल | हिलेजात्रा आयोजना गर्न | ५००००.०० |
| २२. | ३६५/०७५/८/११ | नगर स्तरीय संजाल ( सम्राट मानन्धर) | हाजिरि जवाफ प्रतियोगिता | २००००.०० |
| २३. | ५०५/०७५/९/२० | किराँत आठपहरिया समाज | | ४९५००.०० |
| २४. | ५२६/०७५/९/२४ | नगर स्तरीय संजाल ( सम्राट मानन्धर) | | २००००.०० |
| | | | **जम्मा** | **९०६०००.००** |

| | | |
|---|---|---|
| ९०. | **इन्धन खर्चको मापदण्ड :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । यस कार्यालयमा २० वटा मोटर साइकल, ३ ट्याक्टर २ पिकअप गाडि , १ दमकल र १ एम्बुलेन्स समेतका लागि कार्यालय प्रयोजन इन्धन रु ६९७८५७।१६, पदाधिकारी इन्धन तर्फ रु १६०१६०२।७३ र इन्धन अन्य प्रयोजनका लागि रु ५०६२०।०० समेत रु. २३५००७९।८९ खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार गरेको, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्माण गर्ने तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ । | |
| ९१. | **सवारी साधन भाडा :** कार्यालयले सरकारी प्रयोजनको लागि आवश्यक रहेको भनि विभिन्न फर्महरुको गाडी भाडामा लिई यस वर्ष रु ५३३०५०।०० खर्च गरेको छ । सरकारी कामका लागि सवारी साधन भाडामा लिँदा सोको प्रयोगको प्रयोजन, आवश्यकता र आधार तथा प्रयोगकर्ता खुल्ने गरी पूर्व स्वीकृती लिएर मात्र प्रयोग गर्नुपर्दछ । सवारी भाडा भुक्तानी गर्दा गाडी चालकको निवेदनमा विभिन्न कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको भनि भुक्तानी माग गरेको आधारमानै भुक्तानी गरेको छ । यसरी सवारी साधन भाडामा लिनुपर्दा सुचिकृत फर्मबाट अधिकार प्राप्त अधिकारीको आदेशका आधारमा मात्र पूर्व स्वीकृती लिएर प्रयोग भएका सवारी साधनको मात्र भाडा भुक्तानी दिनु पर्दछ । | |
| ९२. | **पुस्तक खरिद :** महालेखा नियन्त्रक कार्यालयले तयार पारेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसारको खर्च शिर्षक पुस्तक तथा सामाग्री खर्च अन्तरगत कार्यालयले यस वर्ष पनि रु. २ लाख विनियोजन भएकोमा रु. २६३६४०।०० को पुस्तक खरिद गरी खर्च भएर जाने जिन्सी खातामा दाखिला गरी खर्च देखाएको छ । कार्यालयलाई प्राप्त पुस्तकहरुको पुस्तकालयमा व्यवस्थित अभिलेख राख्नुपर्नेमा खरिद गरी विभिन्न कर्मचारीलाई वितरण गरी खर्च जनाएको छ । कार्यालयको आवश्यकताका आधारमा विगत वर्षहरु देखिनै पुस्तक खरिद गरेको आर्थिक विवरण र जिन्सी खाताबाट देखिन्छ । यसरी प्रत्येक वर्ष वार्षिक बजेटनै विनियोजन गरी खरिद भएका पुस्तकहरु सिलसिलेवार दर्ता कर्मचारीहरुलाई वितरण गरी खर्च गर्ने परिपाटिको अन्त्य गरी खरिद पुस्तहरु पुस्तकालयमा व्यवस्थित रुपमा राखी दिर्घकालीन रुपमा नम्बर राखी कायम गरी प्रयोगमा ल्याउने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९३. | **राजश्व फिर्ता :** यस वर्ष कार्यालयले राजश्व फिर्ता तर्फ रु १ लाख र अन्य फिर्ता तर्फ रु १ समेतको कुल जम्मा रु २ लाख विनियोजन भएकोमा विनियोजित रकमको सीमा नाघी फिर्ता खर्च लेखेको छ । यस आर्थिक वर्षमा रु २०४२९९।०० फिर्ता खर्च मध्ये बढी राजश्व जम्मा भएको फिर्ता र विगतको योजनामा समानुपातिक लगानी गर्नुपर्ने शर्त अनुसार जम्मा भएको लगानी रकमको अंश समेत रहेको छ । समानुपातिक लगानी अन्तरगत घटी भएको रकम मध्ये घटी हुनुको कारण एकिन नगरेको तथा राजश्व फिर्ता गर्दा के कति कारणले बढी असुली भएको हो, असुली रकम सञ्चित कोषमा दाखिला भए नभएको र यस वर्ष मिलान हुन सक्ने नसक्ने जस्ता विषयको एकिन वेगर पटके निर्णयको आधारमा फिर्ता गरेको छ । कार्यविधि निर्माण गरी सोही अनुरुप राजश्व फिर्ता कार्य व्यवस्थित गर्नुपर्दछ । | |
| ९४. | **आर्थिक सहायता :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीति मार्गदर्शन २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ । कार्यालयले आन्तरिक चालु खर्च शीर्षकबाट विभिन्न व्यक्तिको निवेदनका आधारमा कलेजको थेसिस तयार गर्न, अभिभावक नभएका विद्यार्थिलाई विद्यालयको शुल्क, निजी क्लिनिकमा औषधि उपचार गराएको विलभरपाईका आधारमा औषधि उपचार खर्च, क्रिया खर्च लगायतको लागि नगर कार्यपालिका वैठकबाट पारित गर्ने भनि तोक आदेशका आधारमा यस वर्ष रु. १५ लाख १ हजार आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ९५. | **सूचना भुक्तानी** : कार्यालयले विभिन्न सञ्चार संस्थाहरुलाई सूचना प्रशारण वापतको रकम रु. ११२७७२५।०० भुक्तानी गरेको छ । कार्यालयले आफ्नो आवश्यकता र वार्षिक कार्यक्रमको आधारमा सूचना प्रकाशन प्रशारणको लागि संझौता, कामको आदेश प्रदान वेगर विभिन्न पत्रिका, भित्तेपात्रो र पुस्तकहरुमा सूचना प्रकाशन गरिदिएको आधारमा भुक्तानी दिएको पाइयो । अधिकार प्राप्त अधिकारीको स्वीकृति वेगर सृजना भएको दायित्वको भुक्तानी गर्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । कार्यालयको आदेशका आधारमा भएका सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण गरे वापतको रकम मात्र भुक्तानी दिनु पर्दछ । | |
| ९६. | **अनुगमन प्रतिवेदन:** प्रदेश संसद विकास कोषबाट सञ्चालित योजनाहरुको अनुगमन वापत रु. ४०००००।- जिल्ला समन्वय समितिको नाममा खर्च लेखेकोमा संसद विकास कोषबाट सञ्चालित आयोजनाको निरीक्षण अनुगमन | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु... | ४०००००.०० |
| ९७. | **निकाशा भन्दा बढी खर्चः** गो.भौ.नं. १२६७, २०७६।३।२६ एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम सोधभर्ना हने अनुदान दाताको संयुक्त कोष वाह्य खोपकेन्द्र भवन निर्माण रु. ६०००००।- वजेट स्वीकृत भई रु. १५०,०००।- निकाशा भएकोमा टेकुनाला गाउँघर क्लिनिक तथा खोप केन्द्र भवन निर्माणमा रु.३०००००।- खर्च लेखेकोले निकाशा भन्दा रु.१५००००।- बढी खर्च भएको अनियमित रु...... | १५००००.०० |
| ९८. | **करकट्टी नगरकोः** गो.भौं.नं. १२२९, मिति २०७६।३।२३ मातृभूमि महिला समाज धनकुटासँग सिँचाई कटाई तालिम कार्यक्रम मिति २०७६।२।३० सम्म सम्पन्न गर्नेगरी मिति २०७५।१०।१५ मा रु.१५००००।- को सम्झौता भई भूक्तानी दिएकोमा निम्नानुसार छन् : | |
| ९८.१. | आयकर ऐन, २०५८ को दफा ८८ (५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सवारी चालक धिरज प्रासद यादवलाई ना.३ ख ६१५१ को सवारी साधनबाट सिलार्य मेशिन दुवानी गरेवापत रु.१५०००।- भूक्तानी दिएकोमा १० प्रतिशत कर कट्टी नगरेकोले असुल हुनुपर्ने रु............. | १५००.०० |
| ९८.२. | आयकर ऐन, २०५८ को दफा ८८ (५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । घर धनी धन बहादुर गोम्देनलाई ३ महिनाको घर भाडा रु. १०५००।- भूक्तानी दिँदा अग्रीम कर कट्टी नगरेकोले असुल हुनुपर्ने रु.... | १०५०.०० |
| ९९. | **शीर्षक फरकः** गो.भौ.नं. १३३३ मिति २०७६।३।३१ न्यायिक सम्पत्ति सेवा सञ्चालन तथा मेलमिलाप कार्यक्रम व्यवस्थापनको लागि पूँजिगत शीर्षकबाट रु. ५०००००।- विनियोजन भएको चालु शीर्षककबाट र. २४२०००।- खर्च लेखेकोले हिसाव मिलान गर्नुपर्ने रु......... | २४२०००.०० |
| १००. | **स्वीकृत बजेट वेगर खर्चः** कार्यपालिकाको मिति २०७६।२।६ को २४ औं वैठकको निर्णय नं. ७ बाट अन्य भ्रमण खर्च रु.२५००००।- पूँजिगत वजेटको योजनामा बजेट परिमार्जन एवं समायोजन परिएकोमा चालुबाट निम्नानुसार खर्च गरेको अनियमित देखिएको रु..... | १९६९५७.०० |

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| १३४५, २०७६/३/३१ | वैठक भ्रमण भत्ता (कर्मचारी) | ८९९१२.०० |
| १३४६, २०७६/३/३१ | वैठक भ्रमण भत्ता (कर्मचारी) | ५६८०५.०० |
| १३४७, २०७६/३/३१ | पदाधिकारी (विराटनगर) | ७७६०.०० |
| १३४८, २०७६/३/३१ | पदाधिकारी (विराटनगर) | ७७६०.०० |
| १३४९, २०७६/३/३१ | दै.भ्र.भत्ता (पदाधिकारी) विराटनगर | ७७६०.०० |
| १३५०, २०७६/३/३१ | दै.भ्र.भत्ता (पदाधिकारी) विराटनगर | ७७६०.०० |
| १३५१, २०७६/३/३१ | दै.भ्र.भत्ता (पदाधिकारी) काठमाडौं | १२०००.०० |
| १३५२, २०७६/३/३१ | दै.भ्र.भत्ता (पदाधिकारी) प्रशिक्षक | ७२००.०० |
| | **जम्मा** | **१९६९५७.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०१. | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नुहुँदैन भन्ने व्यवस्था छ । शसर्त अनुदानबाट प्राप्त सौर्य वत्तिमा रु. ६४८०००।- स्वीकृत वार्षिक बजेट भएकोमा २०७५।१२।२८ को नगर कार्यपालिकाको २२ औं बैठकको निर्णय सौर्य सडक वत्ति धनकुटा न.पा. हिले वसपार्कमा जडान गर्ने निर्णय गरेकोमा रु. १४१०९९९।०० खर्च लेखेकोले स्वीकृत बार्षिक बजेट भन्दा बढी लेखेको अनियमित देखिएको रु... | ७६२९९९.०० |

| भौ.नं. र मिति | फर्मको नाम | कार्य | | थान | रकम |
|---|---|---|---|---|---|
| ९७८, २०७६/१/१५ | लोटस सोलार क.प्रा.लि. | वडा नं. १ हिले सौर्य वत्ति जडान | चालु | ४ | ३०००००.०० |
| ४७१, २०७६/१/१५ | लोटस सोलार क.प्रा.लि. | वडा नं. १ हिले सौर्य वत्ति जडान | पूँजिगत | ५ | ४९९०००.०० |
| ६५, २०७५/६/२६ | कलश सोलार एण्ड ई.क.प्रा.लि. | वडा नं. ७ वसपार्क सौर्य वत्ति जडान | पूँजिगत | ४ | ४०७९९९.०० |
| ६६, २०७५/६/२६ | इनिजा इन्टरनेशनल प्रा.लि. | वडा नं. ७ वसपार्क सौर्य वत्ति जडान | पूँजिगत | २ | २०४०००.०० |
| | | **जम्मा** | | **१५** | **१४१०९९९.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०२. | **पेश्की फछ्र्यौटः** प्रा.स. कर्णध्वज भुजेलले भौ.नं. ५२७ मिति २०७५।९।१४ मा रु.३०००००।- पेश्की लिई भौ.नं. ११२१ मिति २०७६।३।२ मा पेश्की फछ्र्यौट गर्दा निम्नानुसार देखिएको : | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०२.१. | तरकारीको विउ तथा विषदी कोशी पहाडी विउ व्यवसायी उ.स.लि.बाट खरिद गरी रु.१६४००।- पेश्की फछ्र्यौट गरेकोमा उक्त विउ विषादी कृषकलाई वितरण गरेको भरपाई पेश नभएको रु.......... | १६४००.०० |
| १०२.२. | साना सिँचाई अन्तर्गत प्लाष्टिक पोखरी निर्माण कार्यको लागि र.५५०००।- पेश्की लिएकोमा विविध विल (चिया नास्ता) समावेश गरी फछ्र्यौट गरेको अनियमित रु... | ५५०००.०० |
| | **सामाजिक सुरक्षा तर्फ :** | |
| १०३. | **सफ्टवेयर प्रणाली :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ । | |
| १०३.१. | **लाभग्राही अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरणको समग्र प्रणालिलाई सरलिकरण गर्न, पारदर्शिता कायम गर्न, स्थानीय तहको भुमिका स्पष्ट गर्ने सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मिति २०७५।०४।२३ मा स्वीकृत गरी लागु गरीएको छ । दफा ७ (१) अनुसार नाम नवीकरण गर्नु पर्ने र कार्यालयले नवीकरण गरीएका लाभग्राहीहरुको सूची अनुसूची १० अनुरुपको ढाँचामा राख्नुपर्ने र दफा १० मा भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यस वर्ष लाभग्राहीको अभिलेख नराखि सामाजिक सुरक्षा भत्ता बापत रु.४४०८४०००।- वितरण गरेको छ । लाभग्राहीको अभिलेख नराखेको कारणले वितरित सामाजिक सुरक्षा भत्ता वितरण यथार्थपरक रहे नरहेको यकिन हुन सकेन । | |
| १०३.२. | **कर्मचारीलाइ पेश्की उपलब्ध गराइ भत्ता विवरण :** कार्यविधिको दफा १६ मा स्थानीय तहले सम्वन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडा कार्याललाई प्रथम चौमासिक पेश्की असोज महिनामा दोस्रो चौमासिक फागुनमा र तेस्रो चौमासिक असार महिनामा रकम प्रदान गरेको, एकै वडाको सचिवलाई २ वटा वडाको पेश्की प्रदान गरेको, सामाजिक परिचालकलाई समेत पेश्की उपलब्ध गराई रकम विवरण गरेको तथा वडाले प्रथम चौमासिकको पेश्की पुष महिनामा दोस्रो चौमासिकको पेश्की चैत्र र वैशाख महिनामा र तेस्रो चौमासिकको पेश्की असार मसान्तमा फछ्र्यौट गरेको छ । नगरपालिकाले कार्यविधिले तोकेको अवधि भित्र सामाजिक सुरक्षा भत्ता पेश्की उपलब्ध गराउने र वडा कार्यालयले लाभग्राहिहरुमा वितरण गरि तोकिएको अवधि भित्रै पेश्की फछ्र्यौट गर्नु पर्दछ । | |

१०३.३.

| वडा न | प्रथम चौमासिक | | | दोश्रो चौमासिक | | | तेश्रो चौमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पेश्की | वितरण | फिर्ता | पेश्की | वितरण | फिर्ता | पेश्की | वितरण | फिर्ता |
| १ | १८०५२००/- | १७४८८००/- | ५६४००/- | १७८७२००/- | १७२५२००/- | ६२०००/- | १७१५२००/- | १६९५२००/- | २००००/- |
| २ | २६०००००/- | २२२०८००/- | ३७९२००/- | २२५००००/- | २१९९२००/- | ५०८००/- | २६२८०००/- | ३५७२४००/- | १९४०००/- |
| ३ | ११३२४००/- | | | ११५४४००/- | ११४००००/- | १४४००/- | ११३८४००/- | | |
| ४ | ११९१२००/- | ११३३६००/- | ५७६००/- | ११८८०००/- | ११२२०००/- | ६६०००/- | ११९४०००/- | ११३६०००/- | ५८०००/- |
| ५ | १०११२००/- | ९९७६००/- | १३६००/- | ११२७२००/- | १११९२००/- | ८०००/- | ११९२८००/- | ११५६६००/- | ३६२००/- |
| ६ | १५५१२००/- | १५३५२००/- | १६०००/- | १५५३६००/- | १५३७६००/- | १६०००/- | ११५६०००/- | १५३४४००/- | २१६००/- |
| ७ | १५१५६००/- | | | १६५१२००/- | १४२२४००/- | २२८८००/- | १६०००००/- | | |
| ८ | १२०९६००/- | | | १३१७६००/- | १३०१६००/- | १६०००/- | १३२५६००/- | १३२५६००/- | - |
| ९ | १८७२४००/- | १८३६०००/- | १११६००/- | १९१३२००/- | १८८८८००/- | २४४००/- | १८५६८००/- | १८२४८००/- | ३२०००/- |
| १० | १०३४४००/- | १०२२४००/- | १२०००/- | ९२५२००/- | ९०९२००/- | १६०००/- | ९७७६००/- | ८८९६००/- | ८८०००/- |
| **जम्मा** | **१५७२३२००** | **१०४९४४००** | **६४६४००** | **१४८६७६००** | **१४३६५२००** | **५०२४००** | **१४७८४४००** | **१३१३४६००** | **४४९८००** |

प्रथम चौमासिकमा वितरित रकमको आधारमा दोश्रो चौमासिकमा र दोश्रो चौमासिकमा वितरित रकमको आधारमा तेश्रो चौमासिकमा पेश्की दिनु पर्नेमा वितरित रकम भन्दा वढी पेश्की दिइ रु. १५९८६००। फिर्ता गरेको देखियो । लाभग्राहीको अद्यावधिक विवरण नरहेको अवस्थामा समेत वितरित भन्दा वढी पेश्की दिने र ढिला गरि दाखिला गर्ने गरेको देखिन्छ । आवश्यक भन्दा वढी व्यवस्थित अभिलेख वेगर पेश्की लिने र दिनेलाइ जिम्मेवार बनाइ यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०३.४. | **नगद वितरणः** कार्यविधि दफा २२ मा मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न पाइनैछैन भन्ने व्यवस्था छ । यस नगरपालिका अन्तरगतका १० वटै वडाले स्वीकृति वेगर सामाजिक सुरक्षा भत्ता नगद वितरण | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको छ । लाभग्राहीको व्यवस्थित अभिलेख नरहेको MIS बाट प्राप्त भरपाईहरु वडा अनुसार फरक ढाँचामा रहेको, दफा ३० मा स्थानीय तहले भुक्तानी गरेको रकम  र वुझी लिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्वन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेमा सामाजिक सुरक्षा भत्ता वुझी लिनेहरुको नाम सार्वजनिक नगरेकोले भत्ता वितरण प्रभावकारी रुपमा भएको छ भनि एकिन हुन सकिएन । | |
| १०३.५. | कार्यविधिको दफा १६ (ख) मा भत्ता वितरण गर्दा सम्वन्धित व्यक्तिलाई मात्र वितरण गर्नु पर्नेछ वा निजको व्यक्तिगत नाममा वैंकमा खोलिएको सामाजिक सुरक्षा विशेष खातामा उल्लेखित म्याद भित्र जम्मा गरिदिनुपर्नेछ । अन्य व्यक्तिलााई वितरण गरेको पाइएमा यसरी वितरण गर्ने र रकम वुझ्ने दुवैलाई प्रचलित कानुनबमोजिम कारवाही हुनेछ भन्ने व्यवस्था छ । यस नगरपालिकाले निम्नानुसारका व्यक्तिहरुलाई बुझाएको सामाजिक सुरक्षा भत्ता भरपाईमा बुझ्नेका नाममा हस्ते लेखि वुझाएको देखिएको रु.................. | ८००००.०० |

| सि.न | लाभ ग्राही | वडा | भत्ता रकम |
|---|---|---|---|
| १. | जे.ना अन्य चन्द्र कुमारी राई | ५ | ८०००.०० |
| २. | जे.ना अन्य कमला खनाल | ५ | ८०००.०० |
| ३. | जे.ना अन्य टेक मणी खनाल | ५ | ८०००.०० |
| ४. | जे.ना अन्य तुलसी श्रेष्ठ | ५ | ८०००.०० |
| ५. | जे.ना अन्य थर्क माया कट्टेल | ५ | ८०००.०० |
| ६. | जे.ना दलित डम्बर कुमारी सुन्दास | ५ | ८०००.०० |
| ७. | जे.ना दलित डिल्लीमान सुन्दास | ५ | ८०००.०० |
| ८. | जे.ना दलित दिलमाया लिम्वु | ५ | ८०००.०० |
| ९. | जे.ना दलित नन्द प्रसाद परियार | ५ | ८०००.०० |
| १०. | जे.ना दलित नर देवी दर्लामी | ५ | ८०००.०० |
| | **जम्मा** | | **८००००.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०३.६. | वडा ४ को भक्ता वितरण भरपाई परिक्षणको क्रममा दोश्रो चौमासिकको भरपाईमा उमेर ८३ वर्ष उल्लेख भएको भएतापनि ७० वर्ष नपुगेको भनि भरपाई सच्याई विधवा भत्ता रु ४००० मात्र उपलब्ध गराएको छ । पहिलो चौमासिकमा उपलब्ध गराएको रु ८०००।०० मध्ये ४०००।०० असुल हुनुपर्ने रु.......... | ४०००.०० |
| १०३.७. | वडा २ मा भरपाईमा नाम नरहेकोमा जेष्ठ नागरिक भनि नाम थप गरि वुधमाया विश्वकर्माको नाममा खर्च जनाएको रु ८०००।०० असुल गर्नुपर्ने देखिएको रु... | ८०००.०० |
| १०३.८. | वडा ५ मा जेष्ठ नागरिक मनिराज राई ना.प्र.न १३३८ रहेका २ जना लाभग्राही रहेकोमा पहिलो चौमासिकमा दोहोरो भनि नाम काटीएकोमा दोश्रो चौमासिकमा दुवै जनालाई भत्ता भुक्तानी गरी खर्च देखाएको असुल गर्नुपर्ने रु... | ८०००.०० |
| १०३.९. | दफा १९ मा व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुने उल्लेख भएको र सूचना प्रविधि अधिकृत व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीको अभिलेख राख्ने कार्यको समन्वयकर्ता रहने  निजको कार्य विवरणमा उल्लेख भएकोमा वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने भनि सिफारिश भएका व्यक्तिहरुको लगत कट्टा समेत गरेको देखिदैन । | |
| | **कोष तर्फः** | |
| १०४. | **आकास्मिक कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७० मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून वमोजिम आवस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछ भन्ने व्यवस्था भएकोमा नगरपालिकाले यो वर्ष कोष सञ्चालन सम्बन्धि विनियमावली वेगर निम्नानुसार आम्दानी खर्च गरको पाइयो । यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |

| सि.नं. | कोषको नाम | गत मौज्दात समेत जम्मा आम्दानी | यो वर्ष खर्च | बाँकी |
|---|---|---|---|---|
| १. | मर्मत सम्भार कोष | २८००४०६.०५ | २६२६५६०.५० | १७३८४५.५५ |
| २. | प्रकोप व्यवस्थापन कोष | १२७१३९६.०२ | १२०३५४०.३८ | ६७८५५.६४ |
| ३. | वातावरण कोष | १६३६४८१.२२ | १५९७४४४.९३ | ३९०३६.२९ |
| ४. | कर्मचारी कल्याण कोष | ५८८२७१९.३१ | ८९८४३.०० | ५७९२८७६.३१ |
| ५. | जाँचपास कोष | ३७०३६०.०२ | नभएको | ३७०३६०.०० |
| ६. | मानव संसाधन कोष | ३३४०.०० | ०.०० | ३३४०.०० |

उल्लिखत कोषहरुको सम्बन्धमा एकीकृत आर्थिक विवरणमा रकम उल्लेख गरेको भएतापनि कोषको इकाईगत आर्थिक विवरण पेश हुन आएन । कोषको छुट्टा छुट्टै आय र खर्च देखिने गरी आर्थि विवरण तयार गर्नुपर्दछ ।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०४.१. | **म्याद थप नभएको:** गो.भौ.नं. १, २०७५।६।१९ मर्मत सम्भार कोषबाट तल्लो टुडेखेलमा दुवो रोप्ने कार्य २०७५।३।२५ मा सम्पन्न गर्नेगरी मिति २०७५।३।११। मा शहिद भीमनारायण स्मृति प्रतिष्ठानसँग नगरबाट रु.२०००००।- बेहोर्ने गरी सम्झौता भएकोमा मिति २०७५।५।१५ मा कार्य सम्पन्न गरी गत वर्षको रु. ६६०००।- पेश्की फछ्र्यौट गरी बाँकी रु.१३४०००।- भूक्तानी दिएकोमा सम्झौताको म्याद थप भएको प्रमाण वेगर भूक्तानी दिएको अनियमित रु..... | १३४०००.०० |
| १०४.२. | **घटी जिम्मेवारी:** मर्मत सम्भार कोषमा स्रेस्ता अनुसार आम्दानी रु. २८००४०६।०५ भई यो वर्ष रु.२६२६५६०।५० खर्च भई रु.१७३८४५।५५ जिम्मेवारी सार्नुपर्नेमा रु.८६८५०८३ जिम्मेवारी देखाएकोले घटी जिम्मेवारी सारेको सम्बन्धमा हिसाव मिलान गर्नुपर्ने रु.. | ८६९९४.७२ |
| १०४.३. | **घटी बैंक मौज्दात:** प्रकोप व्यवस्थापन कोषको स्रेस्ता अनुसार रु. १२७१३९६।०२ आम्दानी तथा खर्च रु.१२०३५४०।३८ भई मौज्दात रु. ६७८५५।६४ बाँकी रहेकामा बैंकमा मौज्दात रु. २३२१५।६४ बाँकी देखिएकोले घटी बैंक मौज्दात रु.४४६४०।- दाखिला गर्नुपर्ने रु....... | ४४६४०.०० |
| १०४.४. | **ऐनको पालना नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ९१(२) मा उपदाफा (१) वमोजिमको कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा चालु कोष खाताबाट रु.३००००००।- कर्मचारी कल्याणकोषमा जम्मा गरेकोले ऐनको पालना हुनुपर्दछ । | |
| १०५. | **जाँचपास तथा फरफारक कोष:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ उल्लेख गरे वमोजिमको कोष स्थापना गर्नुपर्नेमा ऐनमा नभएको जाँचपास तथा फरफारक कोष खडा गरी रु. ३७०३६०।०२ संचित देखिएको छ । उक्त संचित रकम कुन कुन योजनाको फरफारकको लागि लागि हो खुल्ने विवरण संलग्न गरेको छैन । नियमानुसार कोष स्थापना हुनुपर्ने देखिन्छ । | |
| | **सडक वोर्ड तर्फः** | |
| १०६. | आ.व. २०७५।०७५ को स्वीकृत आय व्यय चालु तथा पूँजिगत खर्च विवरण अनुसार वाध्य स्रोत तर्फको आयमा रु. ८००००००।- उल्लेख गरको छ भने पूर्वाधार विकास कार्याक्रमको नगस्तरीय शहरी सडक कालो पत्र भनी सडक वोर्ड तर्फ रु.७६५००००।- मात्र बजेट उल्लेख गरको छ । नगपालिकाले मिति २०७५।७।२९ मा सडक बोर्ड नेपाललाई ARMP सहमतिका लागि पठाएको पत्रमा सडक बोर्डको ६० लाख नगरपालिकाको ४५.४५ प्रतिशत ५० लाख गरी रु. १ करोड १० लाख (रुटिन मेन्टिनेन्स २ लाख समेत) सहमतिका लागि पठाएको देखिन्छ । सडक वोर्डको मिति २०७५।१०।१५ को पत्र अनुसार नगरपालिकालाई रु. ६० लाख मध्ये १८ खाल मात्र निकाशा दिएको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्: | |
| १०६.१. | नगरपालिकाको वडा नं. ६ मा पर्ने मदन चौक देखि विष्णु स्मृति चोक सडक कालोपत्रे कार्य गर्न मु.अ.कर र कन्टेन्जेन्सी सहति रु.११०००००००।- को लागत अनुमान तयार गरी सडक वोर्ड नेपालमा समझदारी पत्र पठाएकोमा प्रथम पक्षको सडक वोर्डले दस्ताखत गरको देखिदैन । | |
| १०६.२. | कालोपत्रे सडक मर्मत तथा निर्माण गर्न २०७५।१०।६ मा बोलपत्र प्रकाशन गरेकोमा २०७५।११।१४ मा १२ वटा दर्ता भएका मध्ये घटी कबोल गर्ने सल्टर कन्स्ट्रक्सनको (ल.इ. भन्दा ४१.२६ प्रतिशत घटी) ५३९०९६६।६३ मु.अ. कर बाहेकको घटी भएको भनि मूल्याङ्कन समितिले २०७५।११।२२ मा घटी कबोल गर्ने सन्टर कन्स्ट्रक्सनको मु.अ.कर कन्टेन्जेन्सी बाहेकको रु. ५३९०९६६।६३ को आशय पत्र सम्बन्धी सूचना २०७५।११।१५ मा प्रकाशित गर्दा उजुरी नपरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को ६७ वमोजिम खोकु निर्माण सेवा खोकु धनकुटा बोल पत्र स्वीकृत गरी कार्य अघि बढाउने सदर गरेको छ भने २०७५।११।२२ मा सल्टर कन्स्ट्रक्सन सम्झौता गर्न आउन पत्र लेखेको छ । फरक फरक निर्णयमा फरक फरक ठेक रकम र फरक निर्माण व्यवसायीको नाम उल्लेख गरिएबाट निर्णय प्रक्रियाहरु जिम्मेवारी पूर्वक नगरीएको देखिन्छ । | |
| १०६.३. | निर्माण व्यवसायीलाई २०७५।११।२७ मा कार्यक्षेत्र दिई उक्त ठेकेदारारलाई भौचर ५३३ प्रथम विल रु. २२०८९७५।९१ भौचर २ मिति २०७६।३।१३ मा दोस्रो विल रु. ३२८५३८१।२० र भौतर ३ मिति २०७५।३।३१ मा तेस्रो तथा अन्तिम विल रु. ४३९२७६।३६ समेत जम्मा रु. ५९३३६३४।१७ भूक्तानी भएको छ । | |
| १०६.४. | गो.भौ.नं ३ मिति २०७६।३१ विल रकम रु. ४३९२७६।३६ भूक्तानी गरेकोमा मु.अ.कर रु. ५०५३६।२२ समेत भूक्तानी दिइएकोमा कर विजक पेश नभएकोले पशे हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...... | ५०५३६.२२ |
| १०६.५. | प्रोभिजनल समबाट इन्सोरेन्स प्रिमियम वात १९०००।- भूक्तानी दिइउकोमा सक्कल दर विजक पेश भएको छैन । सक्कल विल हुनुपर्ने नभए असुल हुनुपर्ने रु..... | १९०००.०० |
| १०६.६. | सल्टर कन्स्ट्रक्सनलाई मिति २०७५।३।१५ को विजक २४ बाट विल रकम रु.२९०७४१७।६१ मा रु. ३७७९६४।२९ | १८८९८२.१५ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मु.अ.कर समेत जोडेर भूक्तानी भएकोमा ५० प्रतिशत मु.अ.कर कट्टी गरी दाखिला नगरेको रु.. | |
| १०६.७. | अन्तिम विल भूक्तानी माग गरि व्यवसायीको निवेदन पेश दर्ता नभएको र विजक पनि जारी नभएको अवस्थामा कार्यालयले पूरै विल भूक्तानी गरेको सम्बन्धमा वास्तविकता एकिन नभएकोले एकिन हुनुपर्ने देखिन्छ। | |
| १०६.८. | उक्त निर्माण व्यवसायीलाई भौचर २ मिति २०७५।५।२० मा गत वर्षको भूक्तानी भनी धनकुटा नगरापलिका क्षेत्रका विभिन्न शहरी सडकहरु (सडक प्याचिङ्ग) गर्ने कार्य गरको विल पेश गरी रु. ४१२४५६४।६६ भूक्तानी गरेको देखिन्छ । कार्य सम्पन्न प्रतिवेदनमा समेत  नगरपालिका कुन वडा क्षेत्रको के कुन कुन स्थानमा प्याचिङ्ग गरेको उल्लेख गरेको छैन । सोही निर्माण व्यवसायीलाई यस वर्ष वडा नं. ५ र ७ स्थित मदन चोक देखि विष्णु स्मिृति चोक हुँदै माथिल्लो कोप्चे तल्लो कोप्चे कालोपत्रे सडक मर्मत भनी बोलपत्र सम्झौता अनुसारको कार्य रु. ५९३३६३४।१७ भूक्तानी भएको छ । मिति २०७६।३।२३ मा दोस्रो विल भूक्तानी गर्दा गोश्वरा भौचार २ नै उल्लेख छ तर बैंक नगदी किताबमा यस वर्षको बजेट खर्च प्रविष्ट नभै गत वर्षको विलको भूक्तानी प्रविष्ट गरेको देखिन्छ । यस वर्षको कहाँ अभिलेख भै बजेट खर्च भएको हो एकिन भएन । अतः उपर्युक्त व्यहोराहरु सम्बन्धमा स्पष्ट हुनुपर्दछ । | |
| १०७. | धनकुटा नगरपालिकाको २०७५।११।२७ को सडक वोर्ड नेपाललाई दोस्रो चरणको कार्यक्रम सहमतिका लागि पठाएको पत्रमा सुरु योजना लागत रु. ११०००००००।- भएकोमा नगरपालिका वडा नं. ५ र ७ जोड्ने टुडिखेल देखि यलम्बर चोक सडक मर्मत गर्न रु.४४३९०००।- को सहमति पठाएको छ । सुरु लागत अनुमान भन्दा घटीमा प्रथम ठेक्का सम्झौता भै उक्त ठेकेदारलाई रु.५९३३६३४।१७ भूक्तानी भएको र बचत भएको बजेटबाट कार्य गर्न टेन्डर सूचना गर्दा परेका ३ मध्ये घटी कबोल गर्ने रानीवन निर्माण सेवा धनकुटाको ठेक अंक रु.३७३०९०१।-(मु.अ. कर कन्टेन्जेन्सी बाहेक) को सम्झौता गर्न बोलपत्र मूल्याङ्कन समितिले नगरकार्यपालिका समक्ष पेश गरकोमा स्वीकृत भएको देखिदैन तर उक्त निर्माण सेवालाई २०७५।३।२५ भित्र कार्य सक्न २०७६।१।१७ मा कार्यादेश दिएको देखिन्छ । निर्माण व्यवसायीले २०७६।३।१६ मा मु.अ.कर समेत रु.४२१५१०९।२८ को कार्यको अन्तिम विल पेश गरी भूक्तानी भएको छ। यसमा देखिएको व्यहोरा निम्न छन्: | |
| १०७.१. | गो.भौ.नं ६५३ मिति २०७६।२३ निर्माण व्यवसायीलाई विल रकम रु. ३६३०१८५।२१ मा मिति २०७६।३।२४ को विजक नं. १ बाट मु.अ.कर रु. ४८४९२४।- समेत भूक्तानी गरेकोमा नियमानुसार ५० प्रतिशत कट्टा गरी दाखिला गर्नुपर्नेमा नगरेकोले दाखिला हुनुपर्ने रु.... | २४२२६२.०० |
| १०७.२. | प्रोभिजनल समबाट इन्स्यूरेन्स प्रिमियम वापतको रकम भूक्तानी गरको भनी व्यवसायीलाई ठेक्का विलमा भूक्तानी भएकोमा सक्कल भ्याट विल पेश नभएकोले पेश हुनुपर्ने अन्यथा असुली हुनुपर्ने रु...... | २६५४६.०० |
| १०८. | आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ को मिति २०७५।९।२० को पत्रानुसार सर्शत योजनाको संशोधित नाम अनुसार इटहरी चोक देखि वडा कार्यालय जाने सडक कालोपत्र गर्नको लागि रु. १ करोड ३५ लाख बजेट विनियोजन भएको छ । उक्त बजेटबाट कार्य गर्न विस्तृत लागत अनुमान तयार गरि अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको देखिएन । मिति २०७५।१०।१३ शिलबन्दी बोलपत्र माग गरी कट्टी कबोल गर्ने सल्टर कन्स्ट्रक्सन तेह्रथुमलाई मु.अ. कर र कन्टेन्जेन्सी बाहेक रु. ६६७१६६५।-मा सम्झौता गर्न २०७५।११।२८ मा स्वीकृत गरि सम्झौता गरको छ । लागत स्वीकृत वेगर तुलनात्मक तालिकामा उल्लेख गरको मु.अ.कर समेतको रु १३२६४५४७।८० मा ५६.८४ प्रतिशत घटी कबोल गर्नेसँग सम्झौता गर्ने उल्लेख गरको छ । उक्त ठेकेदारले भौचर १५ मिति २०७६।३।३१ मा अन्तिम विल रु. ७५३५०३६।६८ पेश गरेकोमा काय सम्पन्न तयार भएको देखिन्छ । | |
| १०८.१. | निर्माण व्यवसायीलाई २०७६।३।३१ को विवरण ४१ बाट रु. ६६६८१७४।०५ विलमा मु.अ.कर वापत ८६६८६२।६३ समेत जोडी भूक्तानी भएकोमा ५० प्रतिशत कट्टा गरी दाखिला गरको नदेखिएको दाखिला हुनुपर्ने रु... | ४३३४३१.३१ |
| १०८.२. | प्रोभिजनल सममा भएको रकमबाट विमा प्रिमियम वापत भूक्तानी गरेको रु. ३९७३२।६५। को सक्कल कर विजक पेश भएको नदेखिएकोले पेश हुनुपर्ने अन्यथा असुल दाखिला हुनुपर्ने रु..... | ३९७३२.६५ |
| १०८.३. | नगरपालिकाका लागि प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदान रु. १ करोड ३५ लाख मध्ये प्रथम पटक टेन्डरबाट घटी कबोल गर्ने निर्माण व्यवसायीबाट कार्य गरी वचत भएको बजेटबाट पुनः अर्को ठेक्काका लागि रु. ५८२८०००।- को (तुलनात्मक चार्टमा उल्लेख)  भएको तर लागत स्वीकृत नभएको मध्ये २०७५।१२।२३ को मूल्याङ्कन समितिको सिफासिमा मु.अ.कर बाहेक रु. ५०६६०३३।८० कबोल गर्ने अस्मी एण्ड अमिषा कन्स्ट्रक्सन धनकुटासँग २०७६।१।७ मा सम्झौतचा गरको छ । निजले भौचर ८ मिति २०७६।३।३१ मा प्रथम विल वापत रु. ३३६९७९९।२२ र भौचर नं. १५ मिति २०७६।३।३१ मा अन्तिम विल रु. २३५४६१६।०३ समेत जम्मा ५७२४४१५।२५ को कार्य गरेकोमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिदैन । | |
| १०८.४. | निर्माण व्यवसायीलाई मिति २०७६।३।११ को विजक नं. २ बाट रु. २८७६७६।- र २०७६।३।३० को विजक नं. ५ बाट रु. २७०८८५।- समेत रु. ६५८५६१।- मु.अ.कर भूक्तानी भएकोमा सोको ५० प्रतिशतले रु. ३२९२८०।- कट्टी दाखिला | ३२९२८०.०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएको नदेखिएकोले दाखिला हुनुपर्ने रु..... | |
| १०८.५. | सम्झौताको प्रोभिजनल सममा भएको रकमबाट विमा प्रिमियम वापत भूक्तानी लिइएको देखिदैन । उक्त ठेक्काको नियमानुसार विमा गरको देखिदैन । सम्झौता ठेक्कमा विमा हुनुपर्दछ । | |
| १०९. | **धरौटी तर्फः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा नियम १२३ (४) वमोजिमको धरौटी फिर्ता गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले निशान कन्स्ट्रक्सनको कार्यालय भवन निर्माण कार्यको धरौटी रु २२२५५७०० मुल्य अभिवृद्धि कर समायोजन विवरण पेश गरेको कागजात वेगर धरौटी फिर्ता गरेको रु.................. | २२२५५७.०० |
| १०९.१. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ अनुसार प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची-१० बमोजिम ढाँचामा गोश्वरा धरौटी खाता र अनुसूची-११ बमोजिमको ढाँचामा व्यत्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्नेछ । घर नक्शा पास वापत जम्मा भएको धरौटीको विवरण अद्यावधिक नगरेकोले धरौटीको आयुगत विवरण र एकिन हुन सकेन । अवधि र प्रयोजन समाप्त भएका धरौटी दफा ६४ बमोजिम राजश्वमा दाखिला गर्नुपर्ने देखिन्छ । | |
| ११०. | चालु तथा पूँजिगत तर्फको बैंक नगदी किताब अनुसार आ.व. को अन्त सम्ममा फछ्र्यौट हुन बाँकी देखिएको पेश्की तथा आ.ले.प. प्रतिवेदनमा उल्लेख गरेको निम्नानुसारको पेश्की स्थानीय निकाय आर्थिक प्रशासन नियामावली २०६४ वमोजिम फछ्र्यौट हुनुपर्ने रु..... | ८८६४७५० |

| क्र.सं | विवरण | पेश्कि रकम | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १. | सुस्मा दाहाल | २०००००.०० | पुँजिगत | आ.ले.प. अनुसार |
| २. | जिमि टोल बस्ती सङगठन | १४८५००.०० | ” ” | ” ” |
| ३. | अमिले डांडा फाप्रेखोला सडक | ९००००.०० | ” ” | ” ” |
| ४. | अमर ज्योती प्राथमिक बिद्यालय | १६५००.०० | ” ” | ” ” |
| ५. | बृहत शल्यक्रिया स्वास्थ्य शिविर | ३०००००.०० | ” ” | ” ” |
| ६. | सून्निमा निर्माण सेवा | १०००००.०० | ” ” | ” ” |
| ७. | शशिधर निर्माण सेवा एण्ड कट्टेल सप्लायर्स | २२८९०००.०० | ” ” | ” ” |
| ८. | कार्की बन्धू/शशिधर जे.भि. बिराटनगर | २८०००००.०० | ” ” | ” ” |
| ९. | मत्रिका तिवारी | २५००००.०० | ” ” | ” ” |
| १०. | शहिद भिमनारायण स्मृति प्रतिस्ठान, धनकुटा | २००००.०० | ” ” | पेश्की बाँकी विवरण अनुसार |
| ११. | सृजनशिल सास्कृतिक समूह, धनकुटा, १ | २३०००.०० | ” ” | ” ” |
| १२. | हिले फुटवल क्लब धनकुटा | ५००००.०० | ” ” | ” ” |
| १३. | न्यूरोड बुद्धपार्क निर्माण समिति, धनकुटा | ४२९०००.०० | ” ” | ” ” |
| १४. | धनकुटा मिडिया हाउस धनकुटा | ६५०००.०० | ” ” | ” ” |
| १५. | मिसन मुस्कान पर्यटन प्रवर्द्धन केन्द्र | ४९५००.०० | ” ” | ” ” |
| १६. | अपाङ्ग सेवा संघ धनकुटा | ६६०००.०० | ” ” | ” ” |
| | **जम्मा** | **६८९६५००.००** | | |
| १७. | डम्बर बाहादूर रोगू | ५३१५००.०० | चालु खर्च खाता | आ.ले.प. अनुसार |
| १८. | तारादेबी सुबेदी | ७४३७५०.०० | ” ” | ” ” |
| १९. | भागेश्वरी प्राथमिक विद्यालय | ३००००.०० | ” ” | पेश्की बाँकी विवरण अनुसार |
| २०. | वृहत शल्यक्रिया स्वास्थ्य शिविर धनकुटा | ३०००००.०० | ” ” | ” ” |
| २१. | कैलेनी ओकमालुङ्ग भिरगाउँ ग्रामिण उ.स. धन. | ३६३०००.०० | ” ” | ” ” |
| | **जम्मा** | **१९६८२५०.००** | | |

| | | |
|---|---|---|
| | **आन्तरिक लेखापरीक्षणः** | |
| ११०.१. | पूँजिगत खर्च खाता तर्फको आर्थिक वर्षको अन्तसम्ममा दाखिला गर्न वाँकि निम्न कार्यक्रमवाट विभिन्न शिर्षक रकम भुक्तानी गर्दा कट्टि भएको कर दायित्व रकम सम्वन्धित राजस्व खातामा दाखिला हुनु पर्ने रु. | ६११९५ |
| ११०.२. | धरौटि खाताको बैंक नगदी किताबमा रकेको मौज्दात रु.३३३९३७३।११ रहेकोमा २०७६ असार मसान्त सम्मको बैंक मौज्दात रु.७२१७७४३।७० देखिन आउछ । वैंक मौज्दात स्रेस्ता वमोजिम को मौज्दात रकम भन्दा रु ३८७८३७०/५९ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वढी छ। सो सम्वन्धमा एकिन गरी धरौटिको मास्केवारी तयार गर्ने। | |
| ११०.३. | चालु-५५४, २०७५/१०/११ शा.अ.श्री देवी प्रसाद सुवेदीलाई पदाधिकारीलाइ वैठक भत्ता वितरण गर्न रु १८७००/- भुत्तानी दिएकोमा भत्ता वुझ्केको भर्पाई पेश नभएको रु ………… | १८७००.०० |
| ११०.४. | चालु-१२२९, २०७६/०३/२३मातृभुमी महिला समाज धनकुटालाई रु.१००५००।०० भुक्तानी गर्दा सिलाई मेशिन ७ थान खरिद गरि ल्याएको बिल पेश भएता पनि सस्थाले स्टोर दाखिला गरेको प्रमाण पेश नभएको रु. | १००५०० |
| ११०.५. | ३ महिने तालिमको प्रशिक्षक अनिता ओझालाई रु.४५०००।०० भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी नगरेको रु. | ४५०.०० |
| १११. | **अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |
| ११२. | (see table below) | |
| ११३. | **अद्यावधिक बेरुजू स्थितिः** धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षको बेरुजू रु. | यो वर्ष फछ्र्यौट | बाँकी बेरुजू रु.हजारमा |
|---|---|---|
| **२७६२५** | ०.०० | **२७६२५** |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजू | यो वर्षको कायम बेरुजू | बाँकी बेरुजू रु.हजारमा |
|---|---|---|---|
| **२७६२५** | **०.००** | **१६५८६८** | **१९३३९३** |

अनुसूचीः १

## धनकुटा नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | धनकुटा | धनकुटा नगरपालिका | १०६ | ८० | १६५८६८ | ० | ० | ० | १०६ | ८० | १६५८६८ | १९२७ | ४१२०७ | ११३८६९ | ० | ० | १५५०७६ | ८८६५ | ० | ८८६५ |

अनुसूची- २

## धनकुटा नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | धनकुटा नगरपालिका | धनकुटा | २३४६९ | १२४१६४ | ३४७८९३ | १०८२५२ | ६०३७७८ | ३६२३४७ | १७१२३८ | १८७४० | ५५२३२५ | ५१४५३ |

अनुसूची- ३

## धनकुटा नगरपालिकाका अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | धनकुटा नगरपालिका | धनकुटा | २७६२५ | ० | २७६२५ | ० | १६५८६८ | १९३३९३ |